का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ पुस २०८१,
आइतबार
12 January, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ३२४ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com




# अध्यादेशको शासन

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २७ पुस ।

सहकारी ऐन संशोधन गर्न अध्यादेश जारी भएको २ साता नपुग्दै सरकारले थप ३ वटा अध्यादेश ल्याउने निर्णय गरेको छ ।

यही १४ पुसमा सरकारले सहकारी ऐन संशोधन गर्न अध्यादेश ल्याएको थियो । संसद् अधिवेशन बोलाउन ढिला गरेर सरकारले अध्यादेश ल्याएको भनेर प्रतिपक्षी दलहरूले आलोचना गरिरहेका बेला त्यसलाई बेवास्ता गर्दै सरकारले थप ३ वटा अध्यादेश ल्याउने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्को बैठकले केही नेपाल ऐन संशोधन अध्यादेश, भूमिसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश र लगानीसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

प्रधानमन्त्री ओलीले सामाजिक संजालमार्फत अध्यादेश सिफारिस भएको जानकारी दिएका छन् । प्रधानमन्त्री ओलीले लेखेका छन्, ‘हिजो (शुक्रबार)को मन्त्रिपरिषद्को बैठकले अध्यादेशमार्फत आईटीमा गरेको कमाइ स्वदेश भित्र्याउन सहज बनाउने कानुन राष्ट्रपति समक्ष सिफारिस गरिएको छ । यसले आईटीलाई विदेशी मुद्रा आर्जन गर्ने उद्योगका रूपमा विकास गर्ने हाम्रो विश्वास छ ।'




> संसद् अधिवेशन सरकारले आवश्यक महसुस गरेको बेला जहिलेसुकै बोलाउन सक्छ । सामान्यतया वर्षे अधिवेशन भदौ अन्तिम वा असोज पहिलो साता अन्त्य हुने र हिउँदे अधिवेशन मंसिर दोस्रो वा तेस्रो साता बोलाउने अभ्यास हो । यस पटक हिउँदे अधिवेशन बोलाउनमा केही ढिलाइ भएको छ

प्रधानमन्त्रीले यस्तो विश्वास गरिरहँदा विपक्षी दलहरूले भने सरकारमाथि प्रश्न गरेका छन् । प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ सरकारले एकपछि अर्को अध्यादेश ल्याउने तर संघीय संसद्को अधिवेशन नबोलाउने कार्य गरेर संसदीय अभ्यासमाथि प्रश्न उठ्ने काम गरिरहेको बताउँछन् ।

संसद्मा विधेयक लैजाँदा पास नहुने डरले अध्यादेशमार्फत राज्य संचालन गर्न खोजेको हो कि भन्ने प्रश्न उठ्न थालेको उनको भनाइ छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सोबिता गौतम पनि सरकारले यसरी नै अध्यादेश ल्याइरहे राष्ट्रपतिले रोक लगाउनुपर्ने बताउँछिन् । सरकारले संसद्बाट कानुन निर्माण गर्ने सही बाटो छाडेर अध्यादेश ल्याउनु सही नभएको उनको भनाइ छ ।

माओवादी केन्द्रकी सचेतक रूपा सोसी चौधरी ‘विषय जे जस्ता भए पनि अध्यादेश आफैँमा कानुन बनाउने संवैधानिक चोर बाटो हो' भन्छिन् । यस्तो बाटोमा सरकार हिँड्नु अनुचित रहेको उनको राय छ ।

उनी भन्छिन्, ‘हामी संसद् अधिवेशन मागिरहेका छौं । सरकार अध्यादेश ल्याइरहेछ । >>> पृष्ठ २ मा

# बाबुको पहिचान नखुले पनि नागरिकता

**बाबुको पहिचान नखुलेको खण्डमा आमाको नामबाट नागरिकता जारी हुने भएको छ । यससम्बन्धी विगतमा रहेको व्यावहारिक समस्यालाई सम्बोधन गर्ने सरकारले विधेयक ल्याउने निर्णय गरेको हो**

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २७ पुस ।

बाबुको पहिचान नखुले आमाकै नामबाट नागरिकता जारी हुने भएको छ । यसअघि बाबुको पहिचान नखुले आमाले स्वघोषणा गर्नुपर्ने प्रावधान थियो । तर, नागरिकता जारी गर्नका लागि आवश्यक प्रमाणमा बाबुको नाम हुने र आमाले पहिचान नखुलेको भन्दा नमिल्ने भनिन्थ्यो । यस्तो व्यावहारिक समस्या सुल्झ्याउने गरी सरकारले नागरिकता ऐन संशोधन विधेयक ल्याउने निर्णय गरेको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार नागरिकता ऐनलाई संशोधन गर्ने विधेयकलाई संसद्मा दर्ता गर्नका लागि स्वीकृति दिने निर्णय भएको छ । प्रस्तावित विधेयकमा बाबुको पहिचान नखुलेका सन्तानलाई नागरिकता दिने व्यवस्था प्रस्ताव गरिएको छ ।

नागरिकतासम्बन्धी संशोधन विधेयकमा कुनै सन्तानको कुनै पनि किसिमको प्रमाणपत्रमा बाबुको नाम उल्लेख भएको तर बाबु सम्पर्कमा नरहेको वा बाबुको पहिचान नभेटिएको अवस्थामा आमाको नामबाट नागरिकता जारी हुने छ ।

आमा देशबाहिर गएको र विविध कारणले बच्चा जन्मिएको अवस्थामा बाबुको पहिचान भए सोही आधारमा र बाबुको पहिचान नभए आमाको नामको नागरिकताका आधारमा नागरिकता दिने व्यवस्था प्रस्ताव गरिएको छ ।

बाबुको मृत्यु भएको र पहिचान नभेटिएको अवस्थामा पनि आमाको नामबाट नागरिकता जारी गर्ने प्रस्ताव प्रस्तावित विधेयकमा छ ।

यसैगरी, नाबालक परिचयपत्रलाई नागरिकता ऐनमा राखिने भएको छ । नागरिकता प्राप्त गर्ने उमेर नभएका बालबालिकालाई नाबालक >>> पृष्ठ २ मा

# कमजोर राहदानी

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २७ पुस ।

नेपालको राहदानी अर्थात् पासपोर्टको स्तर हरेक वर्ष कमजोर बन्दै गएको छ ।

सन् २०२५ मा सार्वजनिक एक रिपोर्टअनुसार नेपाली राहदानीको स्तर फेरि तल झरेको छ । विश्वव्यापी नागरिकता तथा आवास परामर्शदाता कम्पनी ‘द हेन्ली पासपोर्ट इन्डेक्स'ले जनवरीमै सार्वजनिक गरेको सूचकांकमा अघिल्लो वर्षभन्दा यस पटक नेपालको राहदानीको स्तर खस्किएको जनाइएको छ ।

हेन्लीले विश्वका २२७ वटा गन्तव्यलाई आधार बनाएर १९९ देशका राहदानीको शक्ति मापन गर्दै आएको छ । उसले गन्तव्यमा जानुपूर्व अग्रिम भिसा अनिवार्य हुने वा नहुने विषयका आधारमा राहदानीको शक्ति निर्धारण गर्छ ।

अग्रिम भिसा नलिई संसारका बढी देश र गन्तव्यमा जान सकिने राहदानीलाई शक्तिशाली र संसारका बढी गन्तव्यमा जान अग्रिम भिसा अनिवार्य हुने राहदानीलाई कमजोर मानिन्छ ।

हेन्लीको सोही मापदण्डअनुसार नेपाली राहदानीबाहकले अग्रिम भिसाबिना जम्मा ४० देशमा मात्र यात्रा गर्न सक्ने देखाएको छ । बाँकी गन्तव्यमा पुग्न नेपाली राहदानीबाहकले पहिले भिसा अनिवार्य लिनुपर्छ ।

नेपालको राहदानी धेरै वर्षदेखि लगातार सबैभन्दा कमजोर राहदानीको स्तरमा आउने गरेको छ । यसअघि ‘अन अराइभल' भिसा दिने देशहरूले कमजोर राहदानीका कारण भिसा दिन छाडेका छन् ।

हरेक वर्ष सार्वजनिक गर्ने राहदानी सूचकांकको विश्व वरीयतामा सन् २०२५ मा नेपाल १०१औं स्थानमा छ जबकि सन् २०२४ को जनवरीमा नेपाल ९८औं स्थानमा थियो ।

## सिंगापुर शीर्ष स्थानमा

सूचंकाकअनुसार भारतको वरीयता पनि ५ अंकले घटेको छ । सन् २०२५ को सूचीमा भारत ८५ नम्बरमा छ । अघिल्लो वर्ष ८०औं स्थानमा थियो ।

सन् २०२५ को राहदानी सूचकांकमा सिंगापुर विश्वमै शीर्ष स्थानमा परेको छ । उसको राहदानीले १९५ देशमा भिसामुक्त पहुँच सुविधा प्रदान गर्छ । यस्तै, दोस्रो स्थानमा रहेको जापानको राहदानीले १९३ देशमा बिनाभिसा जान सकिन्छ । तेस्रो स्थानमा फ्रान्स, जर्मनी, इटाली >>> पृष्ठ २ मा



> अर्थतन्त्र बलियो भए, राजनीतिक रूपमा संस्थागत हुँदै गए र अन्तर्राष्ट्रिय जगत्को हेर्ने नजर फेरिने भए राहदानीको शक्तिमा सुधार आउँछ

**डा. जयराज आचार्य**
परराष्ट्रविद्

**वैदेशिक रोजगार विशेष**

# एउटा म्यानपावरलाई २/२ वटा परिचयपत्र दिन साउदी दूतावास सहमत

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ पुस ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नेपालस्थित साउदी अरेबियाको राजदूतावासबाट म्यानपावर कम्पनीलाई २/२ वटा परिचयपत्र दिन सहमति जनाएको बताएको छ । शुक्रबार संघका अध्यक्ष राजेन्द्र भण्डारी र साउदी संयोजक बैकुण्ठ पौडेल ‘वैभव' तथा नेपालका लागि साउदी राजदूत अबु हमिदबीच भिसा आवेदनका सम्बन्धमा रहेका समस्यामा छलफल भएपछि उक्त सहमति भएको हो ।

छलफलमा सबै व्यवसायीले साउदी आईडी सहज तरिकाबाट पाउनुपर्ने र भिसा सबमिसनका लागि साउदी आईडी भएका सबै म्यानपावर कम्पनीलाई २/२ प्रति परिचयपत्र दिन सहमति जनाएको साउदी संयोजक पौडेलले मध्यान्हलाई जानकारी दिए ।

पौडेलले साउदी आईडी जरुरी भएका व्यवसायीहरूले साउदी दूतावासले तोकेका सबै कागजपत्रसहित आवेदन गरेमा साउदी दूतावासले त्यस्ता निवेदन लिई साउदी आईडी दिने सहमति जनाएको पनि बताए ।

साथै, उनले २ वटा परिचयपत्र आवश्यक ठानेका व्यवसायी दूतावासले दिएको नमुनाअनुसारको फर्म्याटमा परिचयपत्र बनाएर प्रत्येक शुक्रबार पेस गर्दा तुरुन्तै संचालक वा एजेन्सी प्रतिनिधि २ जनाकै नाममा परिचयपत्र पाउन सक्ने जानकारी राजदूत हमिदमार्फत आफूहरूले जानकारी पाएको बताए ।

नेपालस्थित साउदी अरेबियाको दूतावासले नेपाली कामदारको भिसाका लागि आवेदन गर्न दूतावासले प्रदान गर्ने साउदी आईडी अनिवार्य गर्ने गरेको छ । वैदेशिक रोजगार विभागमा हाल दर्ता रहेका करिब १ हजार म्यानपावर कम्पनीमध्ये ४०० भन्दा बढी कम्पनीले साउदी अरेबियामा कामदार पठाउने गरेका छन् ।

तर, हाल साउदी अरेबियाको डिमान्ड ल्याउन सक्ने ठूलो संख्यामा रहेका म्यानपावर कम्पनीले साउदी आईडी नपाउँदा कामदार पठाउन नपाएको बताएका छन् ।

साउदी आईडी नहुने कतिपय म्यानपावर व्यवसायीले भिसा लगाउन अन्य म्यानपावर >>> पृष्ठ २ मा






# विश्वका ५२ गन्तव्यमध्ये लुम्बिनी नवौं स्थानमा

**काठमाडौं/मस**–विश्वसम्पदा सूचीमा सूचीकृत भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीलाई न्यूयोर्क टाइम्सले सन् २०२५ का ५२ गन्तव्यमध्ये नवौं स्थानमा राखेको छ ।

हालै सार्वजनिक यस कार्यले लुम्बिनीलाई विश्वभर प्रचारप्रसार गरी बाह्य एवं आन्तरिक पर्यटन प्रवर्द्धनमा सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिएको छ ।



कोषका सदस्य सचिव सानुराजा शाक्य न्यूयोर्क टाइम्सले लुम्बिनीलाई नवौं गन्तव्य सूचीमा राख्नु देशकै लागि ठूलो उपलब्धि भएको बताउँछन् । नेपालले पैसा खर्च गरेर पनि गर्न नसक्ने काम यो सूचीमा समावेश भएपछि हुने भन्दै उनले यो गौरवलाई जोगाइ राख्नुपर्ने बताए ।

कोषका अनुसार सन् २०२४ मा ११ लाखभन्दा बढीले लुम्बिनी भ्रमण गरेका थिए । यो सूचीमा समावेश भएपछि बौद्ध धर्मावलम्बी भएका देशबाट मात्र नभइ अन्यत्रबाट पनि पर्यटक लुम्बिनी आउने कोषले विश्वास गरेको छ ।

लुम्बिनीको ऐतिहासिक महत्व र शान्त वातावरणले विश्वभरका पर्यटकलाई यहाँ आकर्षित गराउँछ । धार्मिक र सांस्कृतिक दृष्टिकोणबाट महत्वपूर्ण लुम्बिनी नेपाल आउने धेरै पर्यटकको रोजाइमा पर्ने गरेकामा यसकार्यले पर्यटक आकर्षणमा सघाउ पुग्ने पर्यटन व्यवसायीले पनि विश्वास गरेका छन् ।

# नक्सा स्वीकृत गर्ने प्रणाली विद्युतीय माध्यमबाट संचालन गर्न निर्देशन

**काठमाडौं/मस**–भवन नक्शा स्वीकृत गर्ने प्रणालीलाई विद्युतीय माध्यमबाट मात्र सञ्चालन गर्ने व्यवस्था मिलाउन काठमाडौं महानगरपालिकाले सहरी व्यवस्थापन विभागलाई निर्देशन दिएको छ ।

महानगरका तर्फबाट उपप्रमुख सुनिता डंगोलले सेवाग्राहीको सहजताका लागि नक्शा स्वीकृत गर्ने प्रणालीलाई विद्युतीय माध्यमबाट मात्र सञ्चालन विभागलाई निर्देशन दिएकी हुन् ।




विभागका प्रमुख हरिश्चन्द्र लामिछानेसहित अधिकारीलाई भवन निर्माणको गति, नक्शा स्वीकृत गर्ने प्रणाली, निर्माण सम्पन्नताको प्रमाणपत्र जारी, निर्णायकबाट हुने भवन नक्शा स्वीकृतिको प्रक्रियाका बारेमा जानकारी लिँदै उनले कागजी प्रक्रियासहितको व्यवस्था विस्थापन गर्न आग्रह गरिन् ।

'विद्युतीय कगजी दुवै प्रणाली प्रयोग हुँदा कार्य सम्पादनमा विकृति आउने सम्भावना बढी रहन्छ । दुईमध्ये विद्युतीय कगजी प्रणाली आधिकारिक, विश्वसनीय र प्रभावकारी हुन्छ', उपप्रमुखले भनिन्,' विद्युतीय नक्शा पास प्रणालीलाई हामीले पूर्ण कार्यान्वयनमा ल्याएर कागजी प्रणाली विस्थापन गरौं । विवरण संकलनका लागि कगजी प्रक्रिया आवश्यक भए स्वीकृत भएका फाइल 'प्रिन्ट' गरेर सुरक्षा गर्ने काम तत्काल गरौं ।'

विभागका प्रमुख लामिछानेले इलेक्ट्रोनिक बिल्डिङ् परमिट सिस्टम (इबिपिएस) मा आधारित नक्शा स्वीकृत प्रणालीमा आधारित सेवा दिन सकिने अवस्थाका बारेमा चर्चा गरे । उनका चालु आर्थिक वर्षको हालसम्म चार सय ७८ वटा भवन नक्शा स्वीकृत भएका छन् ।

तला थप गर्ने १५ स्वीकृत भएका छन् भने एक हजार ५९ वटाको निर्माण सम्पन्न प्रमाणपत्र जारी गरिएको छ ।

# लेटर प्याड दुरुपयोग गरिएको भन्दै गाउँपालिका अध्यक्षको आपत्ति

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ पुस

रौतहटको दुर्गा भगवती गाउँपालिकाकी उपाध्यक्षबाट पालिकाको लेटर प्याड दुरुपयोग भएको भन्दै अध्यक्षले आपत्ति जनाएका छन् ।




उपाध्यक्ष शिला देवीले कार्यालयको लेटरप्याड दुरुपयोग गरेकी भन्दै अध्यक्ष शम्भु सिंहले विज्ञप्ति जारी गर्दै आपत्ति जनाएका हुन् । गाउँपालिका कार्यालयको मिति २०८१/०९/१८ गतेको पत्र संख्या २०८१/०८२ चलानी नं. ६८२ को पत्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौंलाई अनुमति तथा राय परामर्श सम्बन्धमा लेखि पठाएको चलानी नं. ६८३ को पत्र, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनकपुरधाम धनुषा मधेश प्रदेश, कर्मचारी सम्बन्धमा लेखि पठाएकोले त्यही मिति र चलानी नं. राखी उपाध्यक्षले लेटरप्याड दुरुपयोग गर्दै त्यही कार्यालयमा तथा नेपाल सरकारको विभिन्न निकायमा पत्राचार गरेको भन्दै गाउँपालिका अध्यक्षले आपत्ति जनाएका हुन् । गाउँपालिका अध्यक्ष सिंहद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'गाउँपालिकाको हैसियतले विभिन्न बैठकमा उपस्थित भइ आफैबाट हुने गरेको निर्णयविरुद्ध हुने गरी गाउँ कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृतसहित नियमित रुपमा कार्यालयको कामकाज गर्दै आएको कर्मचारीहरुको मनोबल कमजोर हुने गरी विभिन्न आरोप प्रत्यारोप लगाइ गाउँ कार्यपालिकाको मासिक रुपले अनिवार्य बस्नुपर्ने बैठकमा उपस्थित नभइ कार्यपालिका सदस्यहरुलाई समेत कार्यपालिका बैठकमा उपस्थित हुन अवरोध गरी गराइ गाउँपालिकाको निर्णय बमोजिम नियमित सेवा प्रवाहमा प्रत्यक्ष अवरोध सिर्जना गरी गाउँपालिका अध्यक्षको पदीय मान सम्मानमा नै असर पर्ने गरी र कानुन बमोजिम सम्पादन गर्नुपर्ने आफ्नो पदीय जिम्मेवारी अनुसार कार्य समेत नगरी कुनै व्यक्ति विशेषको इष्याद्वेष राखी कार्यालयको कर्मचारीहरुप्रति नै अवान्छिनीय गतिविधि प्रस्तुत गरी कार्यालयको दैनिक सेवा प्रवाहमा नै अवरोध गरेकोमा मेरो ध्यानाकर्षण भएको छ ।'

गाउँ कार्यपालिकाको पदाधिकारी एवं सदस्यहरुलाई कानुन विपरित कुनै काम गर्न गराउन छुट नं. रहेको र प्रचलित कानुन बमोजिम अनिवार्यरुपले सम्पादन गर्नु पर्ने अध्यक्ष सिंहको तर्क रहेको छ ।

विज्ञप्तिमार्फत गाउँपालिका उपाध्यक्ष र सदस्यहरुबाट प्रयोग गरिएको गाउँकार्यपालिकाको लेटरप्याड गैरकानूनी रहेकोले मान्यता नदिन सम्बन्धित निकायलाई आग्रह गरिएको छ ।

गाउँपालिका अध्यक्ष सिंहले बाढीबाट क्षति भएको किसानलाई राहत दिनुपर्ने, हिउँदे अधिवेशन गर्नुपर्ने कार्यमा समेत उपाध्यक्ष र केही कार्यपालिका सदस्यहरुले बाधा अवरोध पुऱ्याउने गरेको आरोप समेत लगाएका छन् ।

# पृथ्वीनारायण शाहको योगदानको स्मरण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ पुस

पृथ्वी नारायण शाहको ३०३ औं जन्मजयन्ती शनिबार विभिन्न कार्यक्रमको आयोजना गरी देशभर मनाइएको छ । पृथ्वी जयन्ती, जसलाई नेपाल एकीकरण दिवस वा राष्ट्रिय एकता दिवस पनि भनिन्छ, अखण्ड नेपालका पहिलो राजा पृथ्वीनारायण शाहको जन्मको सम्झनामा हरेक वर्ष पुस २७ गते मनाइने गरिन्छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस अवसरमा सिंहदरबारको मूलगेट अगाडि रहेको पृथ्वीनारायण शाहको सालिकमा माल्यार्पण गरेका छन् ।

राष्ट्रपति पौडेलले शनिबार बिहान सिंहदरबार पश्चिम गेट पुगेर पृथ्वीनारायण शाहको सालिकमा माल्यार्पण गरेका हुन् । प्रमुख प्रशासनिक भवन सिंहदरबारको पश्चिम मूलगेटमास्थित पृथ्वीनारायण शाहको सालिक रहेको स्थानमा आयोजित कार्यक्रममा नेपाली सेनाले सम्मान गारत अर्पण गरेको थियो । यस्तै प्रधानमन्त्री केपी शर्मा ओली पृथ्वीनारायण शाहको ३०३औं जन्तजयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा राष्ट्रिय प्रजातन्त्र पार्टीद्वारा भृकुटीमण्डपमा आयोजित चियापान कार्यक्रममा सहभागी भएका थिए ।

प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष ओलीलाई राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनलगायत नेताहरुले स्वागत गरेका थिए । यसै अवसरमा राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालद्वारा शनिबार अपराह्न आयोजित चियापान कार्यक्रममा प्रधानमन्त्री सहभागी भएका थिए । प्रधानमन्त्री ओलीलाई उक्त पार्टीका अध्यक्ष कमल थापालगायत नेताहरुले स्वागत गरेका थिए ।

**जङ्गी अड्डामा विविध कार्यक्रम**

राष्ट्र निर्माता पृथ्वीनारायण शाहको ३०३औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा शनिबार सैनिक मुख्यालय जङ्गी अड्डामा



विविध कार्यक्रम आयोजना गरी मनाइएको छ । प्रधान सेनापति अशोकराज सिग्देलको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा 'नेपाल एकीकरणमा पृथ्वी नारायण शाहको देन, नेपाली सेना र राष्ट्रियता' तथा 'पृथ्वी नारायण शाहको दिव्योपदेश'सम्बन्धी प्रवचन, 'एकताको बीज' नामक लघु नाटक प्रदर्शन र कविता प्रस्तुत गरिएको थियो ।

समारोहमा प्रमुख सेनानी चन्द्रशेखर काप्रीले 'जन्मेर आउ', उपसेनानी बलदेव केसीले 'राष्ट्र निर्माताको देन' र प्राविधिक जम्दार देवीप्रसाद बरालले ' एकताको मियो', सैनिक आवासीय महाविद्यालय भक्तपुरका छात्र उत्सव आचार्यले 'पृथ्वी सन्देश', राष्ट्रिय सेवादलका क्याडेट तात्रा सलिना खड्काले 'नेपालः एकता र साहसको प्रतिविम्ब' र रोशनी तण्डुकारले 'मेरो घर, मेरो महिमा'शीर्षकको कविता प्रस्तुत गरेका थिए । सो अवसरमा इतिहासविद् प्राडा राजाराम सुवेदी र प्राध्यापक डा.त्रिरत्न मानन्धरले नेपाल एकीकरणमा पृथ्वीनारायण शाहको भूमिका र उनको दिव्योपदेशसम्बन्धी प्रवचन दिएका थिए । समारोहमा प्रधान सेनापति सिग्देलले कविता प्रतियोगितामा सकल दर्जा र सैनिक महाविद्यालय र राष्ट्रिय सेवादलतर्फ उत्कृष्ट हुनेलाई पुरस्कार र प्रमाणपत्र तथा प्रवचनकर्तालाई प्रसंशापत्र प्रदान गरेका थिए । उपरथी दीपककुमार बानियाँले पृथ्वी जयन्तीका अवसरमा नेपाली सेनाले प्रत्येक वर्ष जङ्गी अड्डादेखि युनिट तहसम्म विविध कार्यक्रम आयोजना गर्दै आइरहेको जानकारी दिए । यसवर्षको पृथ्वी जयन्तीका अवसरमा शाहको जीवनी, दिव्योपदेशसम्बन्धी ५२ वटा प्रवचन, चार वटा पदयात्रा कार्यक्रम, २६ वटा अनुसन्धानात्मक आलेख, कविता, वक्तृत्वकला प्रतियोगिता, दौड र विभिन्न पेसागत कला प्रदर्शन भएका छन् ।

सेनाले सञ्चालन गरेको विविध क्रियाकलापमा करिब ११ हजार पाँच सय फौज प्रत्यक्षरुपमा सहभागी भएको थिए । उपरथी बानियाँले जङ्गी अड्डा तहमा सैनिक महाविद्यालयस्तरीय लघु नाटक प्रतियोगिता, सकल दर्जा, सैनिक महाविद्यालय र राष्ट्रिय सेवा दलका क्याडेट सम्मिलित कविता प्रतियोगितासमेत सञ्चालन गरिएको जानकारी दिए । नेपाली सेनाले पृथ्वी नारायण शाहलाई आफ्नो संस्थापक मान्दै आइरहेको छ । सेनाले पहिलो पटक उदयपुर जिल्लामा उदयपुरगढी-चौदण्डीगढी पदयात्रा र इलाममा इलाम नगरपालिका, जोगमाई गाउँपालिका र सूर्योदय नगरपालिकाको अगुवाइ र नेपाली सेनाको संयोजकत्वमा नेपाल-भारत सीमानामा पर्ने छब्बीसेदेखि माइस्थानसम्म करिब ३९ किमी दूरीको निशान पदमार्ग पदयात्रा कार्यक्रम सञ्चालन गरेको उनको भनाइ छ । सेनाले सामरिक र पर्यटकीय दृष्टिबाट महत्वपूर्ण पदमार्गहरु तथा गढी किल्लाको पहिचान, सञ्चालन सम्बर्द्धन र प्रचारप्रसारमा पूरातत्व विभाग, पर्यटन विभाग र अन्य सरोकारवाला निकायसँगको समन्वयमा काम अघि बढाइएको उपरथी बानियाँले जानकारी दिए ।

## अध्यादेशको...

यसले सरकार संसद्लाई जिम्मेवार बनाउन चाहँदैन भन्ने देखाउँछ ।'

संघीय संसद्को वर्षे अधिवेश गत ३१ भदौमा अन्त्य भएको थियो । संसद् सचिवालयका अनुसार मंसिर दोस्रो वा तेस्रो साता संसद्को हिउँदे अधिवेशन बोलाउने अभ्यास रहँदै आएको छ । तर, यस पटक केही ढिलो हुन गएको सचिवालयकै अधिकारीहरू बताउँछन् ।

संसद् अधिवेशन सरकारले आवश्यक महसुस गरेका बेला जहिलेसुकै बोलाउन सक्छ । सामान्यतया वर्षे अधिवेशन भदौ अन्तिम वा असोज पहिलो साता अन्त्य हुने र हिउँदे अधिवेशन मंसिर दोस्रो वा तेस्रो साता बोलाउने अभ्यास हो । यस पटक हिउँदे अधिवेशन बोलाउनमा केही ढिलाइ भएको छ ।

संविधानतः सरकारलाई सुविधा प्राप्त छ । संसद् अधिवेशनको अन्त्य र अर्को अधिवेशन सुरुको समय ६ महिना कट्न नहुने संवैधानिक प्रावधान छ ।

अधिवेशनको आह्वान र अन्त्यसम्बन्धी व्यवस्था संविधानको धारा ९३ मा छ, जसमा संसद्को एउटा अधिवेशन समाप्त भएको ६ महिनाभित्र अर्को अधिवेशन प्रारम्भ भइसक्नुपर्ने संवैधानिक व्यवस्था छ । संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य सरकारको सिफारिसमा राष्ट्रपतिले गर्ने उल्लेख छ ।

## बाबुको...

परिचयपत्रका आधारमा राहदानीलगायत अन्य सुविधा राज्यले प्रदान गर्दै आएको छ ।

एनआरएन नागरिकता प्राप्त गरेका व्यक्तिहरूलाई सामाजिक, सांस्कृतिक एवं आर्थिक अधिकार दिने विषयलाई पनि संशोधित विधेयकमा थप स्पष्ट गरिएको छ ।

यसअघि १७ जेठ २०८० मा नागरिकता ऐन संशोधन भएको थियो । त्यसबेला भएको संशोधन र आमाको नामबाट नगरिकता जारी गर्ने प्रावधानको अभ्यासमा देखापरेको व्यावहारिक समस्या समाधान गर्न र अन्य केही विषयलाई सम्बोधन गर्न सरकारले विधेयक ल्याउन लागेको हो ।

संविधानको धारा १२ मा आमाको नामबाट नागरिकता लिन पाउने स्पष्ट व्यवस्था छ । तर, संविधानको धारा १२ र ३८ मा उल्लेखित नागरिकतासम्बन्धी नयाँ व्यवस्थाबमोजिम नागरिकता ऐनमा संशोधन नभएकाले कार्यान्वयनमा कठिन सरोकारवालाहरूको भनाइ छ । यो वा त्यो नाममा संविधान जारी भएको एक दशकसम्म आमाको नामबाट नागरिकता र बाबुको पहिचान खुल्न नसकेका व्यक्तिले नागरिकता पाउने व्यवस्था सहज नरहेको भनेर सरोकारवालाहरूले प्रश्न उठाउँदै आएका हुन् । त्यसलाई सम्बोधन गर्नेगरी सरकारले फेरि ऐन संशोधन गर्न लागेको हो ।

## सिंगापुर....

र स्पेन छन् । यस्तै, अमेरिका ९ नम्बरमा छ । अमेरिकाको राहदानीबाट १८६ देशमा भिसा फ्री यात्रा गर्न सकिन्छ ।

द न्युज इन्टरनेसनलका अनुसार पासपोर्ट र्‍याकिङले त्यहाँका नागरिकको अवस्था र देशको कूटनीतिक सम्बन्धलाई उजागर गरेको छ ।

रिपोर्टअनुसार पाकिस्तानी राहदानी विश्वव्यापी रूपमा सबैभन्दा खराब छ । पाकिस्तानको राहदानी सोमालियाको भन्दा पनि खराब छ । त्यस्तै, अफगानिस्तान, इराक, सिरियालगायत देशका राहदानी पनि विश्वमा कमजोर राहदानीमध्येमा पर्छन् । त्यस हिसाबले हेर्दा भने नेपालको स्थान सुध्रिएको भन्न सकिन्छ ।

**किन कमजोर छ नेपाली राहदानी ?**

अन्तर्राष्ट्रिय समुदायमा कुनै पनि देशको मान प्रतिष्ठा मापन गर्ने विभिन्न सूचकमध्ये राहदानीलाई महत्त्वपूर्ण सूचकमा रूमा मानिन्छ । आर्थिक, शैक्षिकलगायत अन्य प्रमुख सूचकहरूमा पछाडि परेको नेपाल राहदानीको मामिलामा पनि अत्यन्तै कमजोर देखिएको छ ।

नेपालको राहदानी किन यति कमजोर भयो भन्ने विषयमा विशेषज्ञहरू अनेक पक्ष र कारण रहेका बताउँछन् । उनीहरू राजनीतिक र आर्थिक अवस्था, अस्थिर राजनीति, छिटोछिटो सरकार परिवर्तनले पनि राहदानी कमजोर भएको बताउँछन् ।

राहदानीको स्तर घट्दा विश्व सम्बन्धमा पनि नेपाल कमजोर भएको अर्थ लाग्ने परराष्ट्रविद् डा. जयराज आचार्यले बताए । विगतमा धेरै एसियाली र युरोपेली देशहरूले नेपाली नागरिकलाई ' अन अराइभल' भिसा दिने गरेकामा कमजोर राहदानीका कारण अहिले यो सुविधा दिने ४० वटा देश मात्र छन् । सरकारी अधिकारीहरूका अनुसार नेपालको राहदानीले भिसाबिना ४० देशमा यात्रा गर्न सकिन्छ ।

कमजोर राहदानीका कारण कतिपय देशले नेपाललाई भिसारहित यात्राको सुविधा दिन चाहँदैनन् । अस्थिर राजनीतिका कारण नेपाल प्रतिसुरक्षा चासो बढ्दा पनि राहदानी कमजोर भएको विशेषज्ञहरू बताउँछन् । विश्व समुदायमा नेपालको कूटनीतिक प्रभाव न्यून बनेकाले त्यसको असर राहदानीमा पनि परेको उनीहरूको धारणा छ ।

यसका साथै विदेश भ्रमणमा जाँदा कतिपय नेपाली नागरिक र सरकारी अधिकारीहरू नै भिसाका नियम उल्लंघन र राहदानीको दुरुपयोग गर्दा यसको विश्वसनीयतामा असर पुऱ्याएको परराष्ट्रविद् आचार्यले बताए ।

राहदानीको दुरुपयोग, भिसा ओभरस्टे, शरण खोज्ने बहानामा बस्न खोज्ने, अवैध आप्रवासन र जाली कागजातहरूको बढ्दो प्रयोग पनि राहदानी कमजोर भएको हो ।

'मानव तस्करी, चोरबाटोबाट अमेरिका जाने आदि कारण पनि छ', उनले भने । आचार्यका अनुसार पहिला सिंगापुर र जर्मनीले ' अन अराइभल भिसा' दिन्थे तर आजकल दिन छाडेका छन् ।

'राहदानी कमजोर भएकै कारण नेपालबाटै भिसा उपलब्ध गराइरहेको अस्ट्रेलियाले अहिले दिल्ली पुऱ्याएको छ', उनले भने । नेपाली राहदानीबाहक विदेश पुगेर त्यतै हराउने, गैरकानुनी ढंगमा उतै बस्ने गर्नाले पनि केही विश्वसनीयता कम भइरहेको उनी बताउँछन् ।

'नेपालको अर्थतन्त्रमा बलियो भए, राजनीतिक रूपमा संस्थागत हुँदै गए र अन्तर्राष्ट्रिय जगत्को हेर्ने नजर फेरिने भए त्यसले राहदानीको शक्तिमा पनि सुधार आउँछ', आचार्यले भने ।

**नेपाल कहिले कुन स्थानमा ?**

सन् २००६- ७६औं
सन् २००९- ८०औं
सन् २०११- ९६औं
सन् २०१४- ९०औं
सन् २०१५- १०५औं
सन् २०१६- ९८औं
सन् २०२१- ११०औं
सन् २०२२- १०५औं
सन् २०२३- १०३औं
सन् २०२४- ९८औं
सन् २०२५- १०१औं

## एउटा...

कम्पनीको सहारा लिनुपर्ने बाध्यता रहेको सम्बन्धमा केही दिनअघि मध्यान्ह दैनिकमा समाचार सार्वजनिक भएको थियो ।

साउदी संयोजक पौडेलले नेपालका म्यानपावर कम्पनीलाई रहेको समस्या समाधानका लागि साउदी दूतावासले प्रतिबद्धता जनाएको भन्दै साउदी अरेबियामा कामदार पठाउने योजना बनाएमा व्यवसायी साउदी परिचयपत्रबाट बञ्चित हुनुपर्ने अवस्थाको अन्त्य भएको दाबी गरे ।

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **मेनपावर रिक्रुटमेन्ट नेपाल प्रा.लि.** (**श्रम इजाजत पत्र नं. ११३१/०७३/०७४**) मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| क्र. स. | नाम | नागरिकता नं | स्थायी ठेगाना |
|---|---|---|---|
| १ | सोवर्ना राना | १०१०/२३८ | चित्रेभञ्ज्याङ-६, स्याङ्जा |
| २ | विनोता खनाल | ९९५४० | तारुका-७, नुवाकोट |

MANPOWER RECRUITMENT NEPAL PVT. LTD
Golfutar-8, Budhanilkantha, Kathmandu, Tel : 01-4002748, 01-4002749
Web : www.manpowerrecuitmentnepal.com.np
Govt. Lic. No.: 1131/073/074

**सुर्मा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**दौलिचौर, बझाङ्ग**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/२८ गते)**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको खरिद कार्यका लागि बोलपत्र आव्ह्वान गरिएकोले ईच्छुक बोलपत्रदाताहरुले यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) दिनभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय प्रणाली (http://www.bolpatra.gov.np/egp) मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| सि.न. | ठेक्का विवरण | अनुमानित लागत रकम (मू.अ.कर समेत) | बोलपत्र जमानत | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|
| १. | SELD/GOODS/SRM/02/2081/2082 Procurement of goods and supply of essential medicines and medicinal items | रु. १७,७१,०९५।३३ | रु. ४५,०००। | रु. १,०००। |

थप जानकारीको लागि यस कार्यालय एवम् सार्वजनिक खरिद अनुगमनको कार्यालय (http://www.bolpatra.gov.np/egp) मा सर्म्पक राख्न सकिने छ ।

# आर्थिक विकासका लागि कानुन संशोधनः गृहमन्त्री



**काठमाडौं /मस**–गृहमन्त्री रमेश लेखकले मुलुकको आर्थिक विकासका लागि सरकारले अध्यादेशमार्फत केही कानुन संशोधन गरेको बताएका छन् ।

शनिबार नेपाल मसलन्द तथा शैक्षिक सामग्री उद्योग संघको २५ औं वार्षिक साधारण सभालाई सम्बाधन गर्दै मन्त्री लेखकले सरकारले बढी मूल्य परे पनि स्वदेशी उत्पादन प्रयोग गर्ने नीति लिएको बताउँदै मुलुकमा उद्योगको विकासका लागि सरकार प्रतिबद्ध रहेको बताए ।

'शुक्रबार रात्री अबेरसम्म बसेर सरकारले महत्वपूर्ण निर्णयहरू गरेको छ,' उनले भने, 'हामीले समृद्धि र आर्थिक विकासका लागि केही महत्वपूर्ण कानुनहरूलाई संशोधन गरेका छौं ।'

चाँडोभन्दा चाँडो कानुन संशोधनका लागि अध्यादेशमार्फत संशोधन गर्ने सरकारले निर्णय लिएको मन्त्री लेखकको भनाइ छ ।

'शासकीय सुधारसँग सम्बन्धित कानुनहरू, उद्योग व्यवसाय सहज सञ्चालन हुने कानुनहरू र सुशासनलाई प्रत्याभूत गर्ने कानुनहरू छन्,' उनले भने, 'थप पनि उद्योगहरूको वातावरण निर्माणका लागि सरकारले हमेसा निजी क्षेत्रसँग मिलेर काम गर्न तयार छ। '

उनले मुलुकमा लगानीको वातावरण बनाउन गैरआवासीय नेपालीका निमित्त महत्वपूर्ण निर्णय गरेको समेत स्पष्ट पारे ।

'आइटीको क्षेत्रमा विदेशमा समेत सेवा निर्यात गर्न सक्ने व्यवस्था गरेका छौं,' उनले भने, 'विदेशमा सेवा गरेर उद्योगलाई प्रोत्साहित हुने गरी कानुन निर्माणमा सरकार लागेको छ ।'कानुन बन्ने तर कार्यान्वयन नहुने समस्यालाई सरकारले सचेततापूर्वक निर्णय गरेको उनले बताए ।

'सात दिनभित्र निर्णय गर्ने, निर्णय नभए कारबाही हुने व्यवस्था गरेका छौं,' लेखकले भने, 'सात दिनभित्र हुने भए हुन्छ, नहुने भए हुँदैन भन्ने निर्णय गरिसक्नुपर्ने कानुन बनाएका छौं ।'

उनले सरकारले आर्थिक समृद्धिको बाटोमा देशलाई लैजान कानुन निर्माण गरेर कार्यान्वयन गर्ने कुरामा सरकार प्रतिबद्ध रहेको बताए ।

उनले भने,'अब आइटी कम्पनीहरूले विदेशमा लगानी गर्न, विदेशमा शाखा कार्यालय खोलेर पैसा कमाउन र त्यसरी कमाएको पैसा कानूनी रूपमा भित्र्याउन सहज हुने कानुन निर्माण गरेका छौं । ढुक्क भएर तपाईंहरू लगानी गर्नुहोस्, सुरक्षा दिने कुरामा सरकार प्रतिबद्ध छ ।'उनले सरकारले निजी क्षेत्रसँग सरकार्य गर्न सधैं तयार रहेको बताउँदै ढुक्क भएर लगानी गर्न आग्रह गरे ।

# वीरगन्जमा आजपाको शक्ति प्रदर्शन

**आविद हुसेन/मध्यान्ह**
वीरगन्जमा, २७ पुस ।



आम जनता पार्टी (आजपा)ले वीरगन्जमा शक्ति प्रदर्शन गरेको छ । आजपाले वीरगन्जलाई देशकै आर्थिक राजधानी घोषणा गर्न र भ्रष्टाचारविरुद्ध बृहत् सभा गरिएको जनाएको छ ।

सभालाई सम्बोधन गर्दै आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले वीरगन्जलाई देशकै आर्थिक राजधानी घोषणा गर्नुपर्ने माग गरे । वीरगन्जको इतिहास, गौरब र सम्मान शासक वर्गले मेट्न खोजेको आरोप लगाउँदै उनले यथाशिघ्र वीरगन्जलाई आर्थिक राजधानी घोषणा गर्न माग गरे ।

'शासक वर्गले वीरगन्जको इतिहास, गौरब, सम्मान मेट्न खोजिरहेका छन् । वीरगन्ज उनीहरुका लागि दुहुना गाई जस्तै भएको छ, यहाँबाट राजस्व मात्रै लिने तर वीरगन्जको विकासमा योगदान नगर्ने काम भइरहेको छ', आजपा अध्यक्ष साहले भने,'हामीले वीरगन्जलाई जसरी पनि देशको आर्थिक राजधानी घोषणा गराउँछौं। वीरगन्जले जति मुलुकलाई राजस्व बुझाउँछ, सोही अनुपातमा वीरगन्जमा विकास भएको छैन् । वीरगन्जको चौतर्फी विकासका लागि आजपाले जस्तोसुकै कदम चाल्न बाध्य हुन्छ ।'

काठमाडौं देशको प्रशासनिक राजधानी हुने, पोखरा पर्यटकीय राजधानी हुने तर वीरगन्ज आर्थिक राजधानी किन नहुने भन्दै साहले प्रश्न गरे । उनले भने, 'सबैभन्दा बढी राजस्व बुझाउने वीरगन्ज, बढी उद्योग व्यवसाय हुने यही बारा, पर्सा हो । यहाँको उद्योगी व्यापारीले तिरेको राजस्वबाट मुलुक चल्ने तर वीरगन्ज आर्थिक राजधानी किन नहुने ? यथाशिघ्र वीरगन्जलाई आर्थिक राजधानी घोषणा नगरिए आजपा चुप लागेर बस्दैन । प्रभु साह चुप लागेर बस्दैन ।'

हालै मधेश प्रदेशमा भ्रष्टाचारविरुद्ध मधेश यात्रा अभियान सम्पन्न गरेको आजपाले सरकारकै संरक्षण एवं मिलोमतोमै भ्रष्टाचार बढ्दै गइरहेको जनाएको छ । वीरगन्जको घण्टाघरमा आयोजित बृहत् सभालाई सम्बोधन गर्दै आजपा अध्यक्ष साहले सरकारकै संरक्षण र मिलेमतोमा राज्यको हरेक क्षेत्रमा भ्रष्टाचार बढेको गम्भीर आरोप लगाए ।

'सरकार आफै भ्रष्टाचारीलाई संरक्षण गरेको छ । भ्रष्टाचारी जोगाउने, बचाउने, संरक्षण गर्ने यो सरकारले भ्रष्टाचार नियन्त्रण गर्न सक्दैन् । भ्रष्टाचार नियन्त्रण गर्न असफल भएको प्रधानमन्त्री केपी ओलीको सरकारले भ्रष्टाचारी जोगाउने काम गरेको छ' आजपा अध्यक्ष साहले भने, 'विभिन्न भ्रष्टाचारका काण्डमा ओलीकै नाम जोडिन्छ। तर त्यो काण्डको बारेमा कहिल्यै छानबिन हुँदैन । विभिन्न ठूलाकाण्डको फाइल सरकारले लुकाएर राखेको छ । भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरु भ्रष्टाचारमै संलग्न छन् । यि लुटेराहरुले देशलाई लुटेर कंगाल बनाइसके, राज्यको ढुकुटी लुटेका छन्, विदेशमा पैसा थुपारेका छन्। यिनीहरुबाट देश समृद्ध हुँदैन् ।'

देशको राजस्व लुटेर खाने, राज्यको ढुकुटी लुट्नेहरुले हरेक नेपालीमाथि विदेशी ऋण बढाउँदै गइरहेका छन् । विदेशीबाट ऋण लिने तर त्यसको सही सदुपयोग नगरी नेपालीलाई ऋणी बनाउने काम यो सरकारले गरिरहेको आरोप साहको छ ।

आजपाका पर्सा जिल्ला अध्यक्ष विश्वराज पटेलको अध्यक्षतामा भएको सभामा आजपाका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साह, उपाध्यक्ष समिना हुसेन, अशोक लामा, नेताहरु राजन यादव, सियाराम कुशवाहा, उमेश कुशवाहा, विजय यादव निर्विज, रामशरण यादव लगायतको सहभागिता रहेको थियो ।

# भारतीय मालबाहक सवारीको तौल लिने व्यवस्था मिलाउन माग



**काठमाडौं /मस**–नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले भन्सार विन्दुमा भारतीय सवारीसाधनको सामान 'लोडअनलोड' गर्ने तथा तौलपुलमा तौल लिने व्यवस्था मिलाउन सरकारसँग माग गरेको छ ।

महासंघले शनिबार एक विज्ञप्ति जारी गर्दै भारतीय ट्रकको अत्याधिक भारका कारण नवलपरासी सुस्तापूर्वको दुम्किबासमा पुल भाँचिएकाले संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र गृह मन्त्रालयलाई तत्काल भारतीय मालबाहक सवारीसाधनको तौल लिने व्यवस्था कार्यान्वयन गर्न अनुरोध गरेको हो ।

महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले यसरी दैनिक रूपमा भारतीय मालबाहक सवारीसाधनलाई निर्विवाद ७२ घण्टे सुविधामा सञ्चालन गर्न दिने कार्य भएको जनाउँदै आगामी दिनमा पनि यस्तै अवस्था रहे महासंघले समस्या हुने भएकाले यथाशीघ्र माग सुनुवाइ गर्न आग्रह गरे ।

महासंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'भारतीय सवारीसाधनलाई तौलपुलमा तौल नगराउँदा पुल भाँचिने घटना घट्ने भएकाले सरकारले सरोकार भएका निकायसहितको सहभागितामा तत्काल तौलपुल सञ्चालनका लागि कार्यदल बनाइ कार्यविधि बनाउन पनि यसै प्रेस विज्ञप्तिमार्फत माग गर्दछौं ।'

देशभरी सार्वजनिक यातायात सञ्चालन गर्ने संघ/समिति/कम्पनी/प्रालिहरूको छाता संगठन विगत २०३६ सालदेखि क्रियाशील रहेको छ । हाल देशभर करिब तीन लाख ४० हजार यात्रुबाहक र ढुवानीका मालसामान बोक्ने ६० हजार सवारीसाधन सञ्चालनमा रहेका नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले जनाएको छ ।

सार्वजनिक यातायात क्षेत्रमा कूल चार लाख सवारी साधन सञ्चालनमा रहेका, करिब १२ खर्ब लगानी भएको र १५ लाखलाई रोजगारी सिर्जना गरेको यो व्यवसायमा सरकारको ध्यान नपुग्दा व्यवसायी पलायन हुने स्थिति रहेको महासंघका वरिष्ठ उपाध्यक्ष सिटौलाले बताए । सोही सन्दर्भमा भारतीय ढुवानीका सवारीसाधनलाई नेपालभित्र स्वतन्त्र रूपमा ७२ घण्टे सुविधा संघीय सरकारले दिएपछि नेपाली मालबाहक ढुवानीका सवारीसाधन सञ्चालन हुन नसकी पलायन हुने स्थिति सिर्जना भएको उनले उल्लेख गरे ।

बारम्बार लिखित रूपमा सरकारका सम्बन्धित निकायमा ध्यानाकर्षणसहित असमानसन्धि खारेजीको माग गर्दै आएको जानकारी गराउँदै शुक्रबार साँझ दुम्कीबासको विनयी खोलामा एनएल ०१ ए एच ५१६१ नम्बरको भारतीय मालबाहक सवारीसाधनले करिब ६० टन सामान बोकेर आउँदा पुल भाँचिएर पूर्व-पश्चिमबाट सञ्चालन हुने हजारौं सवारीसाधन १२ घण्टाभन्दा बढी बाटोमा रोकिएका भन्दै गम्भीर ध्यानाकर्षण भएको महासंघले जनाएको छ ।

महासंघका महासचिव डेकनाथ गौतमद्वारा जारी विज्ञप्तिमा महासंघले पटक-पटक उठाउँदै आएको विषय सत्य प्रमाणित भएको दाबी गरिएको छ ।

# नेपालका पर्यटन व्यवसायी भारतको महाकुम्भ मेलामा



**बभाङ/मस**–नेपालका २५ जना पर्यटन व्यवसायीहरु भारतको उत्तरप्रदेश सरकारले १४४ वर्षपछि आयोजना गरेको महाकूम्भ मेलामा सहभागी भएका छन् । उत्तरप्रदेश सरकारको निमन्त्रणा र नेपाल पर्यटन बोर्डको समन्वयमा नेपाली पर्यटन व्यवसायी, नेपाल पर्यटन बोर्डका पदाधिकारी, नाट्टा केन्द्र र प्रदेशका प्रतिनिधि तथा पत्रकारहरूको टोली महाकूम्भ मेलामा सहभागी हुन भारत गएका हुन् ।

महाकूम्भ दर्शनका साथै उत्तरप्रदेशमा अवस्थित धार्मिक पर्यटकीय स्थलहरूको प्रचार-प्रसार गर्ने उद्देश्यले यो भ्रमणको आयोजना गरिएको हो। यस साताव्यापी भ्रमण कार्यक्रमले दुई देशबीच धार्मिक पर्यटन र सांस्कृतिक सम्बन्ध सुदृढ हुने अपेक्षा गरिएको छ ।

भ्रमणको पहिलो चरणमा टोलीले कृष्ण जन्मभूमि मथुरा, वृन्दावन, ताजमहल र प्रयागराजका धार्मिक तथा पर्यटकीय स्थलहरूको अवलोकन गरिसकेको छ । अब भ्रमणको बाँकी चरणमा काशी बनारस, अयोध्या र गौतम बुद्धसँग सम्बन्धित विभिन्न स्तूपहरूको अवलोकन गरिने टोलीमा सहभागी सुदुरपश्चिम टुर एण्ड ट्राभल्सका म्यानेजिङ डाइरेक्टर किशोर खड्काले जानकारी दिए ।

खड्काका अनुसार उत्तरप्रदेश सरकारको पहलले नेपाली तिर्थयात्रीलाई धार्मिक स्थलहरूको भ्रमणमा सहजता प्रदान गर्ने विश्वास गरिएको छ । भ्रमणले नेपाल-भारतबीच धार्मिक पर्यटनका नयाँ सम्भावनाहरू खोजी गर्न मार्गप्रशस्त गर्ने अपेक्षा गरिएको छ। नेपाल र भारतबीचको धार्मिक र सांस्कृतिक सम्बन्धलाई थप सुदृढ गर्न यस्तो कार्यक्रम महत्वपूर्ण सावित हुने विश्वास गरिएको छ । साथै शुक्रबार लखनउ, ताजमहलमा त्यहाँका व्यवसायिसँग छलफल गरिएको खड्कोले बताए । लखनउमा उत्तरप्रदेश सरकार र पर्यटन अथोरिटिले टोलीलाई स्वागत तथा सम्मान गरेको हो । टोली बुधबार उक्त ठाउँको भ्रमणमा पुगेको छ ।

# कृष्णनगरको सार्वजनिक सुनुवाइ : जनताले राखे समस्यै समस्या

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २७ पुस



कपिलवस्तु कृष्णनगर नगरपालिकाले सार्वजनिक सुनवाइ कार्यक्रम सम्पन्न गरेको छ । सुशासन, पारदर्शिता र जवाफदेहिताको उद्देश्यसहित आयोजित कार्यक्रमले स्थानीय जनतालाई आफ्ना समस्याहरू प्रस्तुत गर्ने महत्वपूर्ण मञ्च प्रदान गरेको छ । शिवराज मिडिया कृष्णनगर र नेपाल पत्रकार महासंघ कपिलवस्तुको सहकार्यमा सम्पन्न कार्यक्रममा स्थानीय जनता, सरकारी कर्मचारी, जनप्रतिनिधिहरू र विभिन्न क्षेत्रका विशेषज्ञहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रममा मेयर रजत प्रताप शाह, उपमेयर आरती चौधरी, वडा अध्यक्षहरू, कर्मचारीहरू, र विभिन्न क्षेत्रका विज्ञहरूको सहभागिता रहेको थियो । जनताले सडक निर्माण, नाली सफाइ, प्रत्येक खम्बामा बत्तीको व्यवस्था, कृषि अनुदान र फोहोर व्यवस्थापनजस्ता समस्याहरू खुला रूपमा प्रस्तुत गरेका थिए । मेयर रजत प्रताप शाहले जनताका मागहरूप्रति संवेदनशीलता व्यक्त गर्दै ती समस्याहरू छिटो समाधान गरिने प्रतिबद्धता जनाए ।

कार्यक्रममा मौलाना मशहुद खां नेपालीले मुस्लिम समुदायका समस्या निर्भीकताका साथ उठाउँदै शिक्षा, स्वास्थ्य, र रोजगारीजस्ता क्षेत्रमा सरकारको ध्यानाकर्षण गराए । उनले भने, 'कृष्णनगरमा ७० हजार १ सय ११ जनसंख्या छ, जसमा मुस्लिम समुदायको जनसंख्या १७ हजार ५१६ छ । तर, सरकारले मुस्लिम समुदायलाई अन्य समुदायसरह प्राथमिकता दिएको छैन । शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा ध्यान नदिँदा समुदाय पछाडि परेको छ। सरकारले समुदायको आवश्यकता अनुसार विकास योजना ल्याउनुपर्छ ।' यस्तै उनले मुस्लिम समुदायका लागि जनसंख्याका अनुपातमा बजेटको व्यवस्था गर्न, गुणस्तरीय शिक्षा, स्वास्थ्य, र रोजगारीका अवसरहरू प्रदान गर्न माग गरेका थिए ।

सार्वजनिक सुनवाइले जनप्रतिनिधि र जनताबीचको सम्बन्ध सुधार्न र समस्याहरूको व्यावहारिक समाधान खोज्न महत्वपूर्ण भूमिका खेलेको नगरपालिकाले जनाएको छ।

# विष्णुमती सफाइ अभियानमा टोखा- ३ को करिडोर क्षेत्रमा सफाइ

**सुशान्त न्यौपाने/मध्यान्ह**
काठमाडौं, २७ पुस



काठमाडौं टोखा नगरपालिकाको आयोजनामा ३३ औं हप्ताको विष्णुमती सफाइ अभियान सम्पन्न भएको छ। टोखा वडा नं. ३ र बुढानिलकण्ठ ६ को भन्चोको विष्णुमती करिडोर क्षेत्रमा सफाइ सम्पन्न भएको हो । सफाइ कार्यक्रममा नगर प्रमुख प्रकाश अधिकारी, प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसीसहित जनप्रतिनिधिहरु, नगर प्रहरी, वातावरण शाखा प्रमुख ई.अनुषा शर्मा, सशस्त्र प्रहरी, लायन्स क्लव अफ काठमाडौं शुभआरम्भ, लायन्स क्लव आर्शिवाद, सरसफाइकर्मीहरु र स्थानीयबासीको सहभागिता रहेको थियो ।

चिसो मौसममा पनि सफाइकर्मीहरु हातमा मेडिकल पन्जा लगाएर खोला तथा करिडोर क्षेत्र सफाइमा २ घण्टा सक्रियतापूर्वक सहभागी भएका थिए । टोखा नगरपालिकाले ५० औं हप्ताको सफाइ कार्यक्रम भव्यतापूर्वक मनाउने तयारी गरेको छ । केही दिनमा विष्णुमती सफाइ अभियानको अर्को चरणको सफाइ कार्यक्रम ग्राण्डी टावरदेखि मनोहरतिर्थ धामसम्म पुन सञ्चालन गर्ने नगरपालिकाले तयारी गरेको छ ।


**साउदीमा रोजगार**
कम्पनी: AG CAFE INTERNATIONAL MANAGEMENT REGIONAL HEADQUARTERS COMPANY IS A ONE-PERSON COMPANY
पूर्व स्वीकृत मिति: २०८१/०८/२० चलानी नं.: ६०२२९२८९ LT. No.: 314933 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Waiter/Waitress | 6 | 0 | स. काममा दक्ष | 2200 | ८०,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**युएईमा रोजगार**
कम्पनी: THI INTERNATIONAL CAFE ONE PERSON COMPANYL.L.C शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/०३/२८ चलानी नं.: ६०२२२१५८ LT. No.: 307321 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 70 | 1 | सम्बन्धित काममा दक्ष | 2200 | ८२,२१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisor Food Service | 5 | 5 | | 3000 | ११२,११० | | | | | | | |
| 3. | Restaurant Manager | 10 | 10 | | 5500 | २०५,५३५ | | | | | | | |

**कतारमा रोजगार**
कम्पनी: AG CAFE INTERNATIONAL MANAGEMENT LTD शहर: Qatar
पूर्व स्वीकृत मिति: २०८०/०८/२४ चलानी नं.:६०२११२०५ LT. No.: 296160 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 4 | 0 | | 1300 | ४८,०४८ | | | | | | | |
| 3. | Gen Clean Worker | 0 | 1 | | 1000 | ३६,९६० | | | | | | | |
| 4. | Salesman | 1 | 0 | | 1300 | ४८,०४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ६ गते (19 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय इटहरी, सुनसरीमा २०८१ माघ ७ गते (20 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा, पोखरा, कास्कीमा २०८१ माघ ८ गते (21 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईआने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

H.R. International Employment Services Pvt. Ltd.
Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9868005965/9808018084.
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com



**Invitation for Sealed Quotations**

**Sigas Rural Muncipality**
**Office of the Rural Municipal Executive**
**Garje, Baitadi**
**Sudurpaschim province, Nepal**

**Date of publication: 2081/09/28 (12th Jan, 2025)**

**Invitation for Quotations for the Procurement of Veterinary Medicine in Sigas, Baitadi. (Contract Id: SRM/NCB/SQ/GOODS/VMS-02/2081/82)**

**The Sigas Rural Municipality invites sealed quotations for the Procurement of Veterinary Medicine in Sigas, Baitadi through Ebidding Process.**

1. Eligible Bidders may obtain further information at our office website at sigasmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np
2. Bidders should deposit the cost of bidding document in the following account
Name of the Bank: Agricultural Development Bank, Sigas Branch Baitadi. Name of Office: Sigas Rural Municipality
Office Code no. : 80107346 Office Account no.: 0826601983059031 (Aantarik Rajaswa khata (Note that:Please make the bid document payment of bid purchase by filling the format of ADBL Bank को स्थानिय तहको राजस्व दाखिला फारम अनुसूची-२४)
Rajaswa (revenue) Shirshak no. : 14229
Note: (As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required)

**Details work**

| S. N. | Contract no | Description of work | Estimated WITH VAT Amount (Nrs) | Bid Security Amount (Nrs) | Bid submission last date | Bid Open date and time |
|---|---|---|---|---|---|---|
| 1 | SRM/NCB/SQ/GOODS/VMS-02/2081/82 | Procurement of Veterinary Medicine in Sigas, Baitadi | **899488.67** | **21000.00** 0826601983059074 (Dharauti Khata) | 2081/10/14 (27th Jan, 2025) 12:00 am | 2081/10/14 (27th Jan, 2025) 2:00 pm |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२८ पुस २०८१ आइतबार
12 January 2025, Sunday

## सम्पादकीय

# विपीन कहाँ छन् ?

इजरायल–प्यालेस्टाइन युद्धका क्रममा धेरै मानिस बन्धक बनेका छन् । कतिपयको मृत्यु भएको छ । कतिपय बेपत्ता अवस्थामा छन् । यसै क्रममा युद्धमा परी केही नेपालीले ज्यान गुमाएका छन् भने एक जना नेपाली विद्यार्थी विपीन जोशी बन्धक रहेका बताइएको छ । तर, उनको अवस्था अज्ञात छ । अध्ययनका क्रममा इजरायल पुगेको केही दिनमै बेपत्ता पारिएका विपीनको अवस्थाबारे उनको परिवार बारबार चिन्ता गरिरहेको छ । राष्ट्रपतिदेखि देशका महत्त्वपूर्ण व्यक्तिहरू सबैजसोलाई भेटेर अनुनय विनय गरिसकेको उनको परिवार अझै विपीन फर्किनेमा आशावादी छ । भर्खरै केही दिनअघि मात्र गाजा युद्धविराम सम्झौताअन्तर्गत पहिलो चरणमा ३४ बन्धकलाई रिहा गर्न प्यालेस्टाइनी लडाकु समूह हमास सहमत भएको छ । उसले त्यस सूचीमा नेपाली विद्यार्थी विपीन जोशीको नाम पारेको छैन ।

इजरायलसँगको सम्भावित सम्झौताअनुसार पहिलो चरणमा ३४ बन्दीलाई रिहा गर्न हमास सहमत भएपछि उक्त सूची दिएको थियो । ७ अक्टोबर २०२३ मा हमास लडाकुले इजरायलको गाजा नजिकैको शहरबाट अपहरण गरी धेरै मानिसलाई हमासले बन्धक बनाएको छ । पहिलो चरणमा इजरायली नागरिकहरू मात्र रिहा हुने छन् । १०० जना बन्दी आफ्नो नियन्त्रणमा रहेका जानकारी गराएको हमासले पहिलो सूचीमा ती ३४ जनाको नाम सार्वजनिक गरेको हो । इजरायलस्थित नेपाली राजदूतावासले पनि विपीनको अवस्था अज्ञात नै रहेको जनाएको छ । निरन्तरको प्रयासले पनि उनको यथार्थ जानकारी प्राप्त हुन नसकेको दूतावासले बताउँदै आएको छ ।

परराष्ट्रमन्त्री डा. आरजू राणाले संयुक्त राष्ट्रसंघको ७९औं महासभामा आयोजित विभिन्न कार्यक्रमहरूमा पनि जोशीको रिहाइका लागि पहल गरिदिन विश्व समुदायसँग आग्रह गरेकी थिइन् । नेपालका लागि इजरायली राजदूतसँग पनि राणाले अनुरोध गरिरहेकी छन् तर पनि जोशीको न अवस्थाबारे जानकारी प्राप्त हुन सकेको छ, न त उनको रिहाइको ठेगान । जोशीको परिवार भने नेपाल सरकारकै पहल पर्याप्त नभएको गुनासो गरिरहेको छ । अन्य देशहरूले आफ्ना नागरिकबारे गम्भीर चासोसहित रिहाइको पहल गरिरहँदा नेपाल किन गम्भीर बनेन ? भन्ने परिवारको गुनासोलाई समयमै सम्बोधन गर्नु तथा विदेशमा रहेका आमनेपालीको सुरक्षा र सहयोगमा त्यहाँस्थित दूतावासहरू सक्रियतापूर्वक लाग्नु आवश्यक देखिन्छ ।

# प्रश्नमा उद्योग क्षेत्रको गति

विश्वमा २१औं शताब्दीमा अत्याधुनिक प्रविधि प्रयोग हुन लागिरहेका बेला नेपालमा भने १८औं शताब्दीअघिका मेसिन उपकरण प्रयोग गरी औद्योगिकीकरणको कल्पना भइरहेको छ । यस्तो उद्योग संचालनको अवस्थाबाट उद्योगको हालको ५ प्रतिशतभन्दा कमको कुल गार्हस्थ्य उत्पादनमा अंश प्रतिशत कसरी बढाउने ? खोजको विषय बनेको छ ।

अग्रलेख



● डा. सुमनकुमार रेग्मी

> देश समृद्ध हुनुको आधार औद्योगिकीकरण नै हो, यसमा दुई मत कसैको हुँदैन । नेपालमा पनि उद्योग विकास हेतुले १९९२ सालमा कम्पनी ऐन आएको देखिन्छ । तर, पहिलो कम्पनी कानुन आएको यत्रो ८२ वर्ष बित्दा पनि विकास कहाँ गयो ?

नेपाल प्राकृतिक स्रोत र साधनले भरिपूर्ण छ । यहाँ प्राप्त दुर्लभ जैविक विविधता र भू-बनोटको विशेषताले गर्दा नेपाल अतुलनीय सुन्दर छ तर पनि बृहत् उत्पादनका औद्योगिकीकरण र आधुनिक विकासमा अत्यन्त पछाडि परेको छ ।

नेपालले २००७ सालमा राणा शासनबाट मुक्ति पायो । २००७ सालपछि क्रमशः २०३६, २०४६ र २०६३ सालगरी ४ वटा राजनीतिक परिवर्तन भइसक्दा गणतन्त्र आए पनि आर्थिक विकास हुन सकेको छैन । सरदरमा वार्षिक आर्थिक वृद्धि दर ३ प्रतिशतको हाराहारीमा छ ।

यस्ता आन्दोलन देशको आर्थिक विकासका लागि गरिन्छ । हाम्रा २ छिमेकी देशले १० प्रतिशतभन्दा बढीका दरले आर्थिक विकास गरिरहेका छन् । तर, नेपालमा गरिबीकै रेखामुनि १८ प्रतिशतभन्दा बढी जनसंख्या रही आर्थिक विकासको नाम निशाना नै छैन ।

अझ झन् २०२७, २०४५ र २०७२ सालका भारतीय नाकाबन्दीले देश पछाडि धकेलियो । अझ नेताहरू अबुझ छन् । आफ्नै स्वार्थमा लागि आएका छन् ।

नेपालमा उद्योगको कुल गार्हस्थ्य उत्पादनमा हिस्सा ५ प्रतिशतभन्दा कम छ । वार्षिक उद्योग क्षेत्रको वृद्धि ३ प्रतिशतभन्दा कम छ । आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ मा कोरोना भाइरसका कारण उद्योग उत्पादन वृद्धि अधोगतिमा जाने निश्चित छ । यस्तो अवस्थामा कसरी निकासीमा उद्योगका उत्पादनले स्थान पाउँछन् ? नेपालको उद्योग अवस्थामा ओरालोमा देखिन्छ ।

विश्व इतिहास हेर्दा, देश समृद्ध हुनुको आधार औद्योगिकीकरण नै हो, यसमा दुई मत कसैको हुँदैन । नेपालमा पनि उद्योग विकास हेतुले १९९२ सालमा कम्पनी ऐन आएको देखिन्छ । तर, पहिलो कम्पनी कानुन आएको यत्रो ८२ वर्ष बित्दा पनि विकास कहाँ गयो ?

१९९३ सालमा नै विकास गर्ने हेतुले नेपालमा जुट मिल स्थापना भई औद्योगिकीकरणको श्रीगणेश भयो । १९९४ सालमा नेपाल बैंकको स्थापना भयो ।


२००७ सालसम्म आउँदा ६५ वटा कम्पनी दर्ता भए । २००४ देखि २०१७ सालसम्म औद्योगिक विकास हुन सकेन । निजी क्षेत्र पनि औद्योगिकीकरणमा आउन सकेन । फलस्वरूप २०१७ सालपछि २०२१ सालमा जनकपुर चुरोट कारखानाको स्थापनापश्चात् अरू उद्योग सार्वजनिक रूपमा त्यसपश्चात् स्थापना हुँदै गए ।

नेपालको औद्योगीकीकरणका लागि सार्वजनिक संस्थाले महत्त्वपूर्ण भूमिका खेलेका थिए किन्तु सन् १९९२ पछिको उदारीकरणको सपनाले औद्योगिकीकरणको प्रयास उडाइदियो । नेपालमा सार्वजनिक संस्थानको प्रारम्भ औद्योगिकीकरण ठीक समयमा भएको ठानिन्छ । यो ठीक समयमा निजी क्षेत्र पुँजी लगानीका लागि आकर्षित थिएन ।

२०४९ सालसम्म आउँदा नेपालमा ६६ वटा संस्थान भए । यसमा ४० वटा त उत्पादनमूलक नै थिए । तसर्थ, नेपालमा औद्योगिकीकरण सुरुवात सार्वजनिक संस्थानबाट भयो । तर, निजी क्षेत्रलाई औद्योगिकीकरण काँध बिसाउने उद्देश्यले पनि सन् १९९२ मा निजीकरण गरियो ।

सन् १९९२ को उदारीकरणले हालसम्म ३० वटा निजीकरण गरी बाँकी ३७ बाँकी छन् र यी ३७ मध्ये १८ वटा मात्र नाफामा थिए । निजी क्षेत्रले औद्योगिकीकरणतर्फ कदमका अगाडि बढ्न नसकेकाले हो कि अब ३७ वटा निजीकरण गरिएको देखिँदैन । कुनैकुनै उद्योग र सेवा प्रकृतिका, जस्तै : नेपाल औषधि लिमिटेड, साझा बस र अरू पुनः संचालन गरिएको देखिन्छ ।

उदार अर्थतन्त्र अवलम्बन भएपछि ३० वटा संस्थान निजीकरण गरियो तर यी त स्वार्थ सिद्धिका हिसाबले घुसखोरीका लागि बेचिएका रहेछन् । त्यस कारण अर्थतन्त्र चौपट र उद्योग क्षेत्र पन्चट भए ।



त्यसमाथि त कोरोना भाइरसले अर्थतन्त्र र उद्योग उत्पादन सुत्केरी हुन आँटेको भैंसी जस्तो थला पर्ने नै भयो ।

कुनै बेला चर्चामा आएका उद्योगहरू, जस्तै : वनस्पति घीउ-तेल, नाइजर सिड्स, यार्ना आदि छन् भने फलाम तथा स्टीलका वस्तुहरू, सिमेन्ट आदि उद्योगमा लगानी बढ्दै आएको छ ।

समयसमयमा केही उद्योगका उत्पादनहरू प्रतिस्पर्धा गर्न नसकेर यस्ता उद्योगहरू पनि विस्थापित भएर पनि गएका छन् । २०७६/०७७ मा त पाल्म आयल, सोयाबिन आयल र यार्न पहिलो ३ निकासी वस्तु भए । २०७०/०७१ म धागो पहिलो निकासी वस्तु भएको थियो ।

यी वर्षबाहेक नेपालको निकासी वस्तुमा तयारी पोसाक, पस्मिना र गलैंचा २०३० सालपछि हाबी भए । २०३० सालअघि नेपालको निकासीमा काठ, घीउ, अलैंची, जुट र अरू कृषि वस्तु आदि निकासीमा हाबी भए । राणा शासन, दोस्रो विश्वयुद्ध अर्थात् सन् १९४५ ताका नेपालको निकासी बचत भएको देखिन्छ ।

बताइन्छ कि आ. व. २०४७/०४८ देखि २०४९/०५० सम्मको २ वर्षको अवधिमा उत्पादनमूलक उद्योगको कुल उत्पादन प्रचलित मूल्यमा दोब्बर भएको थियो । २०४९/०५० पछि उत्पादन दोब्बर हुन ५ वर्षभन्दा बढी लागेको देखिन्छ । त्यसपछि ९ वर्ष लाग्यो ।

२०५१/०५२ को स्थिर मूल्यका आधारमा आर्थिक वर्ष २०५७/०५८ पछि औद्योगिक उत्पादनको वृद्धि दर शून्य प्रायः रहेको देखिन्छ । औद्योगिक उत्पादनको सरदर वार्षिक वृद्धि दर एकदमै न्यून र खासगरी सेवा क्षेत्रको वृद्धि दर सामान्य रहँदै आएको देखिन्छ ।

त्यसो हुँदा कुल गार्हस्थ्य उत्पादनमा उद्योगको अंश आर्थिक वर्ष २०५७/०५८ मा ९ प्रतिशत रहेकामा आर्थिक वर्ष २०६७/०६८ देखि ६ दशमलव २ प्रतिशतभन्दा तल गइरहेको छ । २०७३/०७४ मा आएर यो ५ प्रतिशतभन्दा तल गएको छ । यसपछि त जीडीपीमा उद्योगको स्थान र उद्योग वृद्धि दर ५ प्रतिशतभन्दा कम भएको देखिन्छ ।

२०७२ साललाई नै लगानी वृद्धिको सुरु बिन्दु मानेर अगाडि बढ्ने निजी क्षेत्रको प्रण गरिए तापनि २०७२ सालमै भूकम्प, नाकाबन्दी र संविधानपछिका र स्थानीय, प्रदेश र संघीय तहका निर्वाचन नभएका अवस्था र अन्योलले देशलाई अगाडि बढ्न बाधा पुऱ्यायो । फलस्वरूप २०७२/०७३ मा शून्य दबमलव ७७ प्रतिशतको कम आर्थिक वृद्धि दर रहन पुग्यो ।

तर, २०७४ सालमा त निर्वाचन वर्ष जस्तै भयो । यी यस्तै कारणले २०७२ सालभित्र लगानी गर्न प्रतिबद्धता गरेका सबैले आफ्ना योजना पछाडि सार्न बाध्य हुन गए र त्यतिकैमा २०७६/०७७ को कोरोना भाइरस असरका कारण सन् २०२२ र २०३० सम्मको राष्ट्रसंघको लक्ष्य हासिल गर्न निकै अप्ठ्यारो पर्न गएको छ । २०७६/०७७ र २०७७/०७८ मा कोरोनाका कारण आर्थिक वृद्धिमा निकै असर पर्ने छ ।

नेपालको उद्योग क्षेत्रमा विभिन्न ब्रान्डका बिस्कुट, कुकिज, चिज बल, सिमेन्ट, टायर, प्लास्टिकका सामान, चप्पल, फलामे रड, रङ, आँखाको लेन्स, पेय पदार्थ, मादक पदार्थ, फर्निचर, जुस, धागो, चकलेट, क्लिंकर, कपडा, औषधि, दुग्ध पदार्थ, कागज र अरू वस्तुहरूमा लगानी र उत्पादन बढ्दै गएको देखिए पनि उद्योगको अवस्था सुदृढ भएर गएको छैन र यस्ता वस्तुको निकासी हुन र बढ्न पनि सकेको देखिँदैन ।

यी वस्तुहरूको अलिअलि निकासी बढ्न जाने हो भने देशको निकासी बढ्न जान्छ । नयाँ उद्योगको उत्पादन सम्भावना उद्योगका वस्तुहरूमा एलईडी बल्ब, सिमेन्ट, स्टील छड, साबुन, इँटा, ऊर्जा, कृषि तथा वन पैदावार, खाद्यान्न, छाला, प्लास्टिक, स्टील रोलिङ, फलामजन्यलगायत अरू नौलो खालका पनि छन् । चाउचाउ, बिस्कुट, चप्पल-जुत्ता, दाल, मैदा, औषधि, बियरलगायतका वस्तुहरू छन् । यी वस्तुहरू बृहत् रूपमा उत्पादन किन हुन सक्दैनन् ?

नेपाल विश्व व्यापार संगठनमा प्रवेशपछि नेपाली तयारी पोसाक उद्योग ओरालो लागेको देखिन्छ । गार्मेन्ट उद्योगले विश्व प्रतिस्पर्धा गर्न सकेन । नेपालमा गलैंचा, तयारी पोसाक, पस्मिनासहित अरू घरेलु वस्तु उत्पादनमा विदेशीलाई छिर्न नदिँदा प्रविधि नेपालमा आउन सकेन । फलस्वरूप लागत बढी हुन गई नेपाली यस्ता घरेलु उत्पादनले प्रतिस्पर्धा गर्न सकेनन् ।

डाबर, कोलगेट, नेपाल लिभर जस्ता बहुराष्ट्रिय कम्पनीको उदय भएर निकासीमा देखिए तर निकासीमा दिगो देख्न सकिएन । वनस्पति घीउ, टर्पेन्टाइन तेल, जिंक अक्साइड जस्ता वस्तुहरू भारतमा कोटामा निकासी भए तर ती पनि निकासीमा दिगो रहन सकेनन् र उद्योग पनि धराशायी बन्दै गए ।

नयाँ औद्योगिक व्यवसाय ऐन, २०७३ पछि औद्योगिक व्यवसाय ऐन, २०७६ आए पनि उद्योगपतिका जाँगर औद्योगीकरणमा चलेका छैनन् । तर, नयाँ औद्योगिक व्यवसाय ऐन, २०७६ नहुँदा काम गर्न अप्ठ्यारो परेको बताएका थिए । के कुराले रोक्यो औद्योगिकीकरणको पाइला ? नेपालको निकासी आधुनिक उद्योगमा पनि सुरुवात हुनुपर्नेमा स्वदेशी श्रम, पुँजी, आंशिक कच्चा पदार्थ र स्वदेशी लगानीकर्तामा आधारित लघु घरेलु तथा साना उद्योगमा सीमित हुन पुगे । फलस्वरूप निकासी उन्मुख उद्योग र निकासीमा असर पर्न गयो ।

विदेशी पुँजी र प्रविधिको अभावमा र स्वदेशी माल वस्तु र प्रविधिमा यथेष्ट उपयोग नहुँदा निकासी भरपर्ने भएन । भइरहेका उद्योगहरूमा क्षमता कहिले पनि नबढ्नु औद्योगिक क्षेत्रको कमी देखिन्छ । औद्योगिकीकरणका लागि सबै उद्योग पूर्ण क्षमतामा चल्नुपर्छ । विश्वमा २१औं शताब्दीमा अत्याधुनिक प्रविधि प्रयोग हुन लागिरहेको बेला नेपालमा भने १८औं शताब्दी अघिका मेसिन उपकरण प्रयोग गरी औद्योगिकीकरणको कल्पना भइरहेको छ ।

यस्तो उद्योग संचालनको अवस्थाबाट उद्योगको हालको ५ प्रतिशतभन्दा कमको कुल गार्हस्थ्य उत्पादनमा अंश प्रतिशत कसरी बढाउने ? खोजको विषय बनेको छ ।

## इतिहासमा आज

१२ जनवरी २००९ मा प्रसिद्ध भारतीय संगीतका ए. आर. रहमान प्रतिष्ठित गोल्डन ग्लोब अवार्ड जित्ने पहिलो भारतीय बनेका थिए ।




१२ जनवरी २००८ मा भारतको कोलकातामा आगलागीबाट २ हजार ५०० पसल जलेका थिए ।



१२ जनवरी १९९८ मा युरोपका १९ देशले मानव क्लोनिङमाथि प्रतिबन्ध लगाउन सहमति गरेका थिए ।



१२ जनवरी १९०८ मा फ्रान्सको पेरिसमा रहेको आइफेल टावरबाट पहिलो पटक लामो दुरीको वायरलेस सन्देश पठाइएको थियो ।



## सामाजिक सञ्जाल



**डम्मर खतिवडा**

एकै प्रकृतिको मुद्दामा आफ्नालाई घरमै लुकाएर फरार भन्ने, सेटिङ मिलाएर धरौटी गराउने, घरमा गएर बयान लिने, अरूलाई महिनौं हिरासत र थुनछेकमा झुलाउने, मुद्दा थप्ने गरेपछि तिम्रो राज्यको निष्पक्षता र शासनको वैधता कति बाँकी रहला ? तिम्रा पक्षपातको परिणाम अन्ततः के आउला ? सोचेका छौ ?

संचारमन्त्री गुरुङले भनेछन्, 'जनताले अनुभूत गर्नेगरी सरकार काममा जुटेको छ ।' जनताका नाममा ऋण लिएर नचाहिने काममा फजुल खर्च गर्दै कमिसन बजाउनु काम हो भने सरकार काममा जुटेको सत्य हो । जनतालाई यो काम हिजो पनि राम्ररी अनुभूत भइरहेको थियो, वर्तमानमा भइरहेको छ र गठबन्धन सरकार रहेसम्म भइरहने छ ।



**हरि रोका**



**सरोज पोखरेल**

एकै दिन अदालतमा उपस्थिति, थुनछेक बहस र धरौटीमा रिहा । देशको न्याय सेवा चुस्त वा प्रभावकारी भएको हो कि कुस्त घुसको कमाल हो यो ! यस्तो पक्षपाती न्याय व्यवस्था भएको देशमा निर्धन निमुखा पीडितहरूले कसरी न्याय पाउँछन् ?

सत्ता गठबन्धन आफूलाई जोगाउन सत्ता स्वार्थको खेल हो र संविधान संशोधनको कुरा गठजोडको औचित्य देखाउन गरिएको ढोंग हो भनी मैले सम्झौता हुनासाथ भनेको थिएँ । मैले भनेको सत्य रहेछ भन्ने कुरा अहिले संविधान संशोधन २०८७ सालमा हुन्छ भनेबाट स्पष्ट हुन्छ ।



**भीम रावल**

# पृथ्वीनारायण शाह : सम्झिनुपर्ने पाटाहरू

विचार



● उत्तम कार्की

> सही काम गरेका व्यक्ति वा शासकका सही कर्मको इतिहास नामेट पार्नु, पार्न खोज्नु बहादुरी होइन, असभ्यता र संकीर्णता मात्र हो । अहिलेको सन्दर्भ र परिवेश अनि चेतनाबाट ३०० वर्षअघिको समाज, सभ्यता र शासकप्रति नानाथरि टिप्पणी गरेर अपमान गर्नु इतिहासप्रतिको बेइमानी हो

आजभन्दा ३०३ वर्षअघि अर्थात् २७ पुस १७७९ मा तत्कालीन गोर्खा राज्यमा जन्मिएका हुन् पृथ्वीनारायण शाह । ७ महिनामै जन्मिएका उनी हालको नेपाली भूभाग एकीकरणका एक प्रमुख कर्ता हुन् ।

बाइसी र चौबीसी राज्यका नाममा विभक्त भूगोललाई एकीकरण गरेर सिंगो नेपाल बनाउने अभियानमा सफल पृथ्वीनारायण शाहबारे अनेक कोणबाट अनेक टिप्पणी र विश्लेषण भइरहेका छन्, जुन स्वाभाविक हो ।

झण्डै ३०० वर्षअघिका शासक । स्वाभाविक रूपमै त्यसबेलाको नेपाली समाजको सामाजिक, राजनीतिक व्यवस्थाअनुसार शासक भगवान्को अवतार मानिन्थ्यो र सोहीअनुसार शासक निरंकुश हुन सक्थ्यो ।

त्यस्तो समाजमा शासकको भूमिका र तामझाम अनि व्यवहारबारे बोलिरहनु पनि पर्दैन किनकि केही वर्षअघिसम्म मात्र पनि हामीले हाम्रा निरंकुश शासकका गतिविधि, सोच र व्यवहार भोगिसकेका, देखिसकेका छौं ।

यसो भन्दैमा के निरंकुश वा तानाशाही शासक सधैं नकारात्मक, निर्दयी वा शोषक मात्र हुन्छ ? भन्ने प्रश्नको उत्तर खोजिनु वा यसबारे चर्चा गर्नु मनासिब होला ।

अहिले पृथ्वीनारायण शाहबारे बनिरहेको भाष्यले शासक सधैं र सबै अवस्थामा निर्दयी र निंकुश हुन्छ भन्ने देखाउँछ । के पृथ्वीनारायणले आफ्नो शासनकालमा सबै नकारात्मक कार्य मात्र गरे ? के उनी नेपाली समाज वा जनताका लागि शोषक, सामन्त र निरंकुश शासक मात्र रहे ?

यहाँ उनका केही तथ्यहरूबारे चर्चा गरौं ।

पृथ्वीनारायण शाहको समग्र इतिहास कोटयाउँदा उनी नेपाल र नेपालीका लागि अविष्मरणीय शासक हुन् । उनले अनेक टुक्रामा विभाजित भूगोललाई एकीकृत गरेका हुन् । किन जरुरी थितयो एकीकरण ? सबै आ-आफ्नै ढंगले चलेकै थिए त भन्ने सवाल हुन सक्ला ।

तर, त्यस समयमा दक्षिणतिरबाट सलबलाइरहेको अंग्रेजले देशलाई क्वाप्प खान सक्थ्यो यदि बाइसी र चौबीसी राज्य एकीकृत नभएका भए । उनले भौतिक (जमिन) मात्र एकीकरण गरेनन्, सामाजिक न्याय र सुव्यवस्थाका लागि नेपाललाई 'चार जात छत्तीस वर्णको साझा फूलबारी' भनेर जातीय, साम्प्रदायिक र सामाजिक-सांस्कृतिक एकीकरणको प्रयास पनि गरे ।

पृथ्वीनारायणले आफ्ना दिव्य उपदेशमार्फत राज्य, शासक, नागरिकलगायका भूमिका र दायित्वका विषय पनि उठाए । उनले राष्ट्रसेवक कर्मचारीका जिम्मेवारी र आचरणका कुरा पनि उपदेशमा उठाए । घुस लिने र दिने दुवैलाई देशका शत्रु भने ।

उनले दिव्योपदेशमै भनेका छन्, 'खानी भएको ठाउँमा भएको गाउँलाई अन्य स्थानमा सारेर त्यहाँ खानी चलाउनू र उब्जनीयोग्य जमिनमा घर बनेको भए उक्त घर भत्काएर त्यहाँ खेतीपाती गर्नू ।'

यो उपदेशले मुलुकको आर्थिक समृद्धि र अनिकालबाट जनतालाई बचाउने उनको ध्येय देखिन्छ ।

यसरी नै उनले 'अदालतको पैसा दरबारमा नलैजानू, त्यसको सदुपयोग जोगी, संन्यासी र ब्राह्मणलाई भोजन गर्नमा खर्च गर्नू ।' यसको आसय उनी धर्मकर्ममा निकै सचेत थिए भन्ने हो । अध्यात्मचेत उनमा कति रहेछ भन्ने यस दिव्योपदेशबाट बुझ्न सकिन्छ ।

'भ्रष्टहरूले न्याय निसाफ परम्परालाई बिगार्छन् यसर्थ भ्रष्टहरूलाई जति र जस्तोसुकै कारबाही गरे पनि पाप लाग्दैन' भन्ने उनको सुशासनप्रतिको प्रतिबद्धता र भ्राष्टाचारप्रतिको असहनशीलता बुझ्न सकिन्छ ।

त्यसबेला राज्य विस्तारका लागि लडाइँ गर्नु नै शासकको प्रमुख ध्येय र योजना हुने गर्थ्यो । सोहीअनुसार उनले एकीकरणको अभियान चलाए र सफल भए । पृथ्वीनारायण शाहले राज्य विस्तारका क्रममा मरेका सिपाहीका सन्तानलाई राज्यबाट प्रोत्साहनका लागि विशेष व्यवस्था गरेका थिए ।

यो उनको एउटा जिम्मेवार शासक हुनुको प्रमाण र दायित्व पनि थियो । यसका कारण उनका पक्षमा राज्यका निम्ति ज्यान दिन सिपाही तयार भए र आजको नेपाल निर्माण हुन गयो ।

उनी विदेशीका प्रभाव र हस्तक्षेपबाट मुलुकलाई जोगाउन निकै सचेत देखिन्छन् । विदेशीलाई सजिलै मुलुकमा छिर्न दिनु नहुने उनको राय छ । उनी विशेषगरी दक्षिणमा बिस्तारै आफ्नो प्रभुत्व जमाउँदै गएको अंग्रेजसँग निकै सचेत र सजग थिए ।

यसै कारण उनले देशभित्रै कपडालगायतका उद्योग, कारखाना स्थापना र विस्तारमा महत्त्व दिए । आर्थिक आत्मनिर्भरताका लागि स्वदेशको पैसा विदेश जान नदिन विभिन्न योजना अघि सारे ।

'जनता बलिया भए दरबार मोटो (बलियो) हुने छ' भन्ने उनको यो भनाइ तत्कालीन समयमा तथ्य कुरो पनि हो ।

२ ठूला छिमेकी मुलुक चीन र भारतसँगको समदुरी सम्बन्धप्रति उनी निकै सचेत थिए । उनले नेपाललाई 'दुई ढुंगाबीचको तरुल' भनेर निकै सजग र सचेत भएर नेपालले कूटनीतिक कदम चाल्नुपर्ने संकेत गरेका छन् ।

आफू कसैप्रति पहिला जाई नलाग्ने तर आफूमाथि आई लाग्नेलाई नछाड्ने उनको घोषित नीति नै रहेको पाइन्छ ।

यसका अतिरिक्त पृथ्वीनारायण शाहले मुलुक र मुलुकवासीका हितका लागि अन्य धेरै कामहरू गरेका छन् । तल्लो जातका भनिएका दलितहरूबाट उनले सम्मानपूर्वक एकीकरण अभियानमा सहयोग मात्र लिएका छैनन्, आवश्यक सुझाव र सल्लाहका लागि पनि उनीहरूसँग परामर्श गरेका छन् । यसको ज्वलन्त उदाहरण चर्चित बिसे नगर्ची हुन् ।

समय र परिस्थितिअनुसारका शासन व्यवस्था हरेक मुलुकमा रहँदै आएका छन् । राजनीतिक परिवर्तन स्वाभाविक प्रक्रिया हो । तर, यसका आधारमा इतिहास गलत कोर्नु र सही काम गरेका व्यक्ति वा शासकका सही कर्मको इतिहास नामेट पार्नु, पार्न खोज्नु बहादुरी होइन, असभ्यता र संकीर्णता मात्र हो । अहिलेको सन्दर्भ र परिवेश अनि चेतनाबाट ३०० वर्षअघिको समाज, सभ्यता र शासकप्रति नानाथरि टिप्पणी गरेर अपमान गर्नु इतिहासप्रतिको बेइमानी हो ।

# 'कांग्रेस र एमालेले चाहेर मात्रै संविधान संशोधन सम्भव छैन'

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
बुटवल, २७ पुस

नेकपा एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले कांग्रेस र एमालेको वर्तमान सरकार सत्ताकै लागि मात्रै बनेको टिप्पणी गरेका छन् । नेकपा एकीकृत समाजवादी रुपन्देहीको शनिबार बुटवलमा बसेको बैठकलाई सम्बोधन गर्दै महासचिव भुसालले सत्ताको स्वार्थसँग जोडिएर बनेको सरकारले केही काम गर्न नसक्ने बताए ।

उनले कांग्रेस र एमालेले संविधान संशोधनको कुरा गरेपनि त्यो गर्नका लागि नभइ सत्तामा पुग्नका लागि मात्रै गरिएको बताए । 'संविधानको कुरा या त नसोचेर ल्याए, या त झुक्याउन ल्याए' उनले भने । उनले संविधान सन्तुलित रहेकाले यो संशोधन गर्न दुई दल मात्रै मिलेर सम्भव नै नरहेको बताए ।

'हाम्रो संविधान भयंकर सन्तुलन छ, यो संविधान संशोधन कांग्रेस र एमालेले चाहेर मात्रै सम्भव नै छैन' महासचिव भुसालले भने, 'एउटा भारतसँग रिसाएको छ, कांग्रेसलाई विआरआइको नाम लिने बित्तिकै ज्वरो आएको छ ।'



उनले वर्तमान सरकार विभिन्न काण्डहरुको स्वार्थसँग जोडिएकाले सत्ता जोगाउने वाहेक केही नगर्ने बताए । उनले सरकारले रास्वपाका सभापती रवि लामिछानेको सन्दर्भममा एकै ठाउँमा मुद्दा चलाए हुनेमा बढी दुःख दिएको भान जनताले गरेको बताए । उनले राज्यले व्यक्तिगत बदला लिन नहुने बताउँदै सरकारकै कारण सडकमा गैरजिम्मेवार व्यक्तिहरुको आन्दोलन सुरु भएको बताए । 'वर्तमान सरकारले नालयकी गर्छ, नालयकीको विरोध हुन्छ, त्यसले गैरजिम्मेवार व्यक्तिहरु अगाडि आउन सक्छन्' महासचिव भुसालले भने ।

अगुवा कार्यकर्ताहरु समेत भएको बैठकमा महासचिव भुसालले अब नेकपा एकीकृत समाजवादी पार्टीलाई आन्दोलनबाट स्थापित गर्ने बताए । उनले स्थानीय, जिल्ला र प्रदेश हुँदै राष्ट्रिय स्तरका समस्यालाई आन्दोलनका रुपमा अगाडि बढाएर ८४ को निर्वाचनसम्म स्पष्ट मुद्दा बोक्ने पार्टीका रुपमा स्थापित गर्ने प्रतिबद्धता जनाए । उनले राष्ट्रिय पुँजीको विकास गरी सुदृढ मुलुक बनाउनुपर्ने बताउँदै त्यसका लागि अब कांग्रेस एमालेको विकल्पमा आफुहरुको पार्टीले नयाँ कार्यक्रम ल्याएर जनताको बीचमा आउने दाबी गरे । बैठकमा नेकपा एकीकृत समाजवादीका पोलिटब्यूरो सदस्य एवं रुपन्देही इन्चार्ज नन्दलाल बन्जाडेले प्रस्ताव र केन्द्रीय समितिको सर्कुलका बारेमा जानकारी दिएका थिए । बैठकमा केन्द्रीय सदस्यहरु सिद्धिचरण भट्टराई, बाबुलाल यादव, उमा काफ्ले, भगवती अधिकारीसहित प्रदेशका, जिल्ला र जनवर्गीय संगठनका पदाधिकारीहरुको उपस्थिति थियो ।

# ऐतिहासिक कालीथान मन्दिरको जीर्णोद्धारमा जोड

**नेपालगन्ज/मस**-नेपालगन्जको ऐतिहासिक कालीथान मन्दिरको जीर्णोद्धारमा जोड दिइएको छ । श्री कालीथान मन्दिर व्यवस्थापन समितिको २१ औं साधारण सभामा मन्दिर सबै वडावासीको आस्थाको केन्द्र र साझा सम्पदा भएकोले सबैको सहयोगको लागि आह्वान गरिएको छ । साधारण सभामा प्रमुख अतिथि नेपालगन्ज उपमहानगरपालिका वडा नं.१२ का अध्यक्ष तरुण बज्राचार्यले यस क्षेत्रकै प्राचीन मन्दिर कालीथान मन्दिरको जीर्णोद्धार, संरक्षण सम्वर्द्धनमा वर्तमान समितिले समितिको स्थापना कालदेखि नै गर्दै आएको योगदान र प्रयासको सराहना गरेका थिए ।



स्थानीय नागरिक अगुवा समाजसेवी अजीत कुमार शर्माले मन्दिर व्यवस्थापन समितिले स्थापनादेखि हालसम्म मन्दिरको राम्रो कामको जेजति योगदान दियो, त्यसको प्रशंसा गर्दै यसअघिका पुजारी मदन आचार्यको दिवंगतपछि केही महिना अलि असहज परिस्थिति आइपरेता पनि हाल नयाँ पुजारीको नियुक्तीपछि नित्य पूजाआजा र धार्मिक गतिविधिहरु बढ्दै गएको बताए ।

सभाकी अध्यक्षा लता शर्माले १९७९ सालमा स्थापित कालीथान मन्दिरका संस्थापक स्वर्गीय राजमान श्रेष्ठ र उनका छोरा कृष्णमान श्रेष्ठ, व्यवस्थापन समितिका संस्थापक अध्यक्ष स्व.शंकर प्रसाद रिमाल, पूर्वअध्यक्ष भानुभक्त मुडभरी लगायत मन्दिरका दुई जना स्वर्गीय पुजारीहरुलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै मन्दिरको ऐतिहासिक पृष्ठभूमिका बारेमा चर्चा गरिन् । भक्तजनहरुले मन्दिरलाई जीर्णोद्धार गर्ने, धार्मिक कार्यक्रम र पूजाआजा व्यवस्थित रुपमा सञ्चालन गर्ने उद्देश्यले २०५८ चैत्र २४ गते सम्पन्न भेलाले कार्यसमिति गठन गरेर २०५९ जेठ २७ गते शंकर प्रसाद रिमालको अध्यक्षता समिति गठन गरी जिल्ला प्रशासन कार्यालय, बाँकेमा संघसंस्था ऐन अन्तर्गत २०५९ असोज ३ गते दर्ता गरिएको सो अवसरमा जानकारी दिइएको थियो ।

समितिले मन्दिरले चर्चेको जमिन सम्बन्धित जग्गाधनीबाट मन्दिरको नाममा दर्ता गर्ने काम, शान्ति मन्त्रालय, तत्कालीन जिल्ला विकास समिति, नेपालगन्ज नगरपालिका र थुप्रै दाताहरुको सहयोगमा जिर्णोद्धार गर्ने, निर्माण विकास गर्ने, बाटो बनाउने, कम्पाउण्ड वाल निर्माण लगायतका थुप्रै काम गरेको अध्यक्ष शर्माले उल्लेख गरिन् । समितिले नियुक्त गरेको पुजारी मदन आचार्यको निधनपछि रिक्त रहेको पुजारी पदमा २०८१ असार असार २२ गते बसेको समिति र कालीमाई टोलस्तरीय संस्थाको संयुक्त बैठकको निर्णय अनुसार पं.विष्णुप्रसाद न्यौपानेलाई नियुक्त गरेर मन्दिरमा पूर्ववत् रुपमा नित्य पूजा र धार्मिक गतिविधिहरु सुचारु भइरहेको पनि उनले जानकारी गराए ।

करिब ५० जना स्थानीय बासिन्दाहरुको सहभागिता रहेको सभाको पहिलो सत्रमा वार्षिक प्रतिवेदन र आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

यस्तै साधारण सभाले गोविन्द नारायण श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्ष पदमा हौसीलाल चिडीमार, सचिवमा वीरेन्द्र श्रेष्ठ, कोषाध्यक्ष पदमा सरिता श्रेष्ठ रहेकी छन् भने सदस्यहरुमा वडा नं. १२ का सदस्य राजकुमार बाल्मिकी, श्याम सुन्दर अधिकारी, माधवप्रसाद पोखरेल, राजीव रेग्मी, विशाल गुप्ता र मीना वर्मा रहेकी छन् ।

त्यसैगरी संरक्षकमा नेपालगन्ज उपमहानगरपालिका वडा नं.१२ का अध्यक्ष तरुण बज्राचार्यलाई चयन गरिएको छ भने सल्लाहकारहरुमा अजीत कुमार शर्मा, लता शर्मा, श्यामबहादुर मल्ल, चतुर्भूज ज्ञवाली रहेका छन् । निवर्तमान समितिका सचिव पूर्णलाल चुकेले सञ्चालन गरेको उक्त साधारण सभाको अन्त्यमा व्यवस्थापन समितिको नयाँ कार्यसमितिका अध्यक्ष श्रेष्ठलाई निवर्तमान अध्यक्ष शर्माले निर्णय पुस्तिका, अन्य महत्वपूर्ण कागजातहरु तथा जिन्सी सामानहरु हस्तान्तरण गरेका थिए भने प्रमुख अतिथि नेपालगन्ज उपमहानगरपालिका वडा नं.१२ का अध्यक्ष तरुण बज्राचार्यले नयाँ पदाधिकारीहरुलाई टिका लगाएर बधाइ ज्ञापन गरेका थिए ।

# नि:शुल्क स्वास्थ्य शिविरबाट सयौं लाभान्वित




**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २७ पुस

लाइन्स क्लव अफ अर्घाखाँचीले भूमिकास्थान नगरपालिका वडा नम्बर ७ चिदिचौरमा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ ।

शनिबार चदिचौर माध्यमिक विद्यालय प्राङ्गणमा गरिएको १ दिने शिविरमा बिरामीहरुको उत्साहजनक सहभागीता रहेको थियो । शिविरबाट ८ सय सर्वसाधारण लाभान्वित भएको स्थानीय टानबहादुर खत्रीले जानकारी दिए ।

नगरपालिकाको नजिक रहेको चिदिचौर माध्यमिक विद्यालयको प्राङ्गणमा आयोजित शिविरमा कार्डियोलोजी, कार्डियो-भास्कुलर, न्यूरो सर्जरी ग्यास्ट्रो सम्बन्धी सेवाहरु दिइएको थियो । शिविरको भूमिकास्थान नगरपालिकाका प्रमुख झबिलाल थापाले उद्घाटन गरेका थिए । लाइन्स क्लव अर्घाखाँचीले आम नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गरेकोमा नगरपालिकाका प्रमुख थापाले खुलेर प्रसंशा गरे ।

शिविरमा स्वास्थ्य जाँचका लागि आएका बिरामीहरुमा मधुमेह, उच्च रक्तचाप, मुटु रोग, मुटु भल्व रोग, घुँडाको दुखाइ जस्ता समस्याहरु पाइएको वरिष्ठ डाक्टर मोहन भुसालले जानकारी दिए ।

आफ्नै गाउँघरमा विशेषज्ञ चिकित्सकसहित बुटवल ग्यास्ट्रो सेन्टरको वरिष्ठ चिकित्सकले चेकजाँच गर्ने गरी स्वास्थ्य शिविर आएको थाहा पाएपछि भूमिकास्थान नगरपालिकाका अधिकांश वडाका गाउँहरुबाट बिरामीहरु स्वास्थ्य जाँचका लागि चिदिचौर पुगेका थिए । बुटवल ग्यास्ट्रो सेन्टर अस्पतालका कार्यकारी निर्देशक डा.भुसालले सामाजिक उत्तरदायित्व अन्तर्गत अस्पतालले समुदायमा केन्द्रित स्वास्थ्य शिविर सञ्चालन गरेको र अहिले सोही सलसिलामा लाइन्स क्लव अर्घाखाँचीसँग सहकार्य गरी शिविर सञ्चालन गरिएको बताए ।

# विपद् पूर्वतयारी र प्रतिकार्यका लागि नमुना अभ्यास

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २७ पुस

विपद् पूर्वतयारी र प्रतिकार्यका लागि १ दिने नमुना अभ्यास कार्यक्रम बझाङको सदरमुकाम चैनपुरमा सम्पन्न भएको छ । प्रगतिशील युवा समाज र वर्ल्डभिजनको आयोजना तथा जयपृथ्वी नगरपालिकाको समन्वयमा शनिबार आयोजित कार्यक्रममा जयपृथ्वी नगरपालिकाभित्रका २० विद्यालयका शिक्षक सहभागी भएका थिए । कार्यक्रमका सहजकर्ता तथा प्रशिक्षक खडक विकले विपद् तयारी र प्रतिकार्यको विभिन्न अभ्यास र प्रक्रिया सिकाउँदै शिक्षकहरूको क्षमता अभिवृद्धिमा जोड दिएका थिए । कार्यक्रम छलफलका क्रममा विपद् व्यवस्थापनको सन्दर्भमा विपद् पूर्वप्रतिकार्य अभ्यासको नेतृत्व र समन्वय गर्न शिक्षकहरूको क्षमता अभिवृद्धि, विपदमा विद्यालयको तयारीको मूल्याकंन गर्दै प्राकृतिक प्रकोप प्रतिकार्यमा रहेको कमी पहिचान, विद्यार्थी र कर्मचारीबीच आपतकालीन अवस्थाहरूमा प्रभावकारी रूपमा प्रतिकार्य दिन विश्वास निर्माण, विद्यालय



विपद् व्यवस्थापन योजनाको सुधार,स्थानीय निकायहरू, विपद् व्यवस्थापन समिति, र आपतकालीन प्रतिकार्य टोलीबीच समन्वय बलियो बनाउने लगायत अभ्यासको उद्देश्य रहेको संस्थाले जनाएको छ ।

प्रगतिशिल युवा समाज अन्तर्गत बालस्पोन्स तथा बाल संरक्षण/गुणस्तरीय तथा समावेशी शिक्षा परियोजनाका कार्यक्रमका अधिकृत वासु ओझाका अनुसार संस्थाले विद्यालयमा बालमैत्री, भूकम्प प्रतिरोधात्मक, र अपाङ्तामैत्री भौतिक संरचना निर्माण गर्दै आएका छन् । विपद्का कारण बालबालिकामा पर्ने जोखिमलाई न्यूनीकरण गर्न संस्थाले लामो समयदेखि सक्रिय रूपमा काम गरिरहेको उनले बताए ।

प्रगतिशील युवा समाजका अध्यक्ष रमेश केसीले समुदायका अगुवा शिक्षकको भूमिका महत्वपूर्ण हुने भन्दै यस्तो नमुना अभ्यासले शिक्षकलाई थप दक्ष बनाउने विश्वास व्यक्त गरे । स्थानीय तह र समुदायको सहकार्यमा विपद् व्यवस्थापनमा जनशक्ति निर्माणको आवश्यकता औंल्याउँदै उनले विद्यालयस्तरमा भूकम्प, बाढीपहिरो जस्ता जोखिमबाट बच्नको लागि यस्ता अभ्यास महत्वपूर्ण हुने बताए । यसअघि सोही कार्यक्रम केदारस्यु गाउँपालिका भित्रका २० वटा विद्यालयका शिक्षकहरूलाई नमुना अभ्यास गराएको छ । शनिबार गरेको अभ्यास विद्यालयमा विद्यार्थीहरूलाई सिकाइने बताइएको छ ।

# मध्यान्हकर्मी भुजेललाई सहकारी पत्रकारिता पुरस्कार

**दोलखा/मस**-मध्यान्हकर्मी राजकुमार भुजेललाई सहकारी पत्रकारिता पुरस्कार प्रदान गरिएको छ । शनिबार सदरमुकाम चरिकोटमा अभियान बचत तथा ऋण सहकारीको छैटौं वार्षिक साधारणसभाबाट दोलखाका सक्रिय पत्रकार भुजेल पुरस्कृत भएका हुन् ।



उनलाई पत्रकारिताको क्षेत्रबाट समाजमा प्रत्यक्ष परोक्ष रुपमा पुऱ्याएको योगदानको कदर स्वरुप नगदसहित पुरस्कृत गरिएको थियो । यस्तै संस्थाका कर्मचारी सकिला उप्रेतीलाई पनि उत्कृष्ट कर्मचारी पुरस्कारबाट सम्मानित गरिएको थियो ।

सहकारीले हरेक वर्ष एकजना संचारकर्मीलाई सम्मान गर्दै आएको छ । सो अवसरमा सभाका प्रमुख अतिथि तथा जिल्ला सहकारी संघ दोलखाका वरिष्ठ उपाध्यक्ष कृष्णप्रसाद दाहालले सम्मानपत्र हस्तान्तरण गरेका थिए । पत्रकार भुजेल झण्डै ४/५ वर्षदेखि जिल्लामा रहेर पत्रकारिता गर्दै आएका छन् । उनी मध्यान्ह राष्ट्रिय दैनिकको जिल्ला संवाददाता हुन् ।

# पानी उद्योग वाणिज्य महासंघको साधारणसभा हेटौंडामा हुने




**काठमाडौं/मस**-नेपाल पानी उद्योग वाणिज्य महासंघको प्रारम्भिक साधारण सभा आउँदो माघ महिनाको १७ गते हेटौंडामा हुने भएको छ । देशैभरिका जार तथा बोतलका प्रशोधित पानी उत्पादन गरी बजारमा पठाउने उद्योगहरुको छाता संस्थाको गठन गर्न पुस २६ र २७ गते काठमाडौंमा बसेको उद्योगीहरुको भेलाले माघ १७ गते प्रारम्भिक साधारण सभा राख्ने निर्णय गरेको हो ।

भेलाले साधारण सभाको तयारी गर्न बिक्रम लिम्बु चेमजोङको संयोजकत्वमा १९ सदस्यीय कार्यकारिणी तयारी समिति समेत गठन गरेको छ । उक्त समितिको पूर्ण बैठकले सो प्रारम्भिक साधारण सभा हेटौंडामा आयोजना गर्ने निर्णय गरेको हो । कार्यक्रममा देशैभरीका प्रदेश संघ, विभिन्न जिल्लामा रहेका जिल्ला संघ, नगर तथा क्षेत्रीय संघका प्रतिनिधिहरूको सहभागी रहने संयोजक बिक्रम लिम्बुचेमजोङले बताए ।

त्यसैगरी समितिका सदस्यहरुमा गोकर्ण सिलवाल, गंगाप्रसाद अगंजा, गोकुल थापा, रविन्द्र मोहन अधिकारी, लिला भण्डारी, मिना दाहाल, भिमसेन खतिवडा, भरत बुढाथोकी, रुपचन्द्र थापा, रोशा श्रेष्ठ, राष्ट्रमान श्रेष्ठ, कैलाश भट्ट, दिपक श्रेष्ठ, ध्रुब अधिकारी, बिक्रम मण्डल, रुपचन्द्र नौलाखा, ध्रुबबहादुर गौतम, अमराज लामा रहेका छन् । उक्त समितिको बैठकले भरत लकाई र देव नारायण चौलागाई रहेको दुई सदस्यीय कानुनी सल्लाहाकार समिति समेत गठन गरेको छ ।

# साउदीमा मनाइयो राष्ट्रिय एकता दिवस

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, २७ पुस

प्रवासी नेपाली एकता समाज (पानस), साउदी अरबले राष्ट्र निर्माता पृथ्वीनारायण शाहको ३०३औं जन्मजयन्ती तथा नेपाली राष्ट्रिय एकता दिवस मनाएको छ ।

शुक्रबार दम्मामको सिकोस्थित होलिडे होटेलमा आयोजित कार्यक्रम पानस साउदीका अध्यक्ष कुबेर हुमागाईंको अध्यक्षतामा सम्पन्न भएको हो । कार्यक्रममा साउदीस्थित नेपाली दूतावासका स्थानीय प्रतिनिधि नारायण पासवान प्रमुख अतिथि, एनआरएनए मध्यपूर्व क्षेत्रीय संयोजक तथा नेपाल सरकारका पर्यटनदूत राजेन्द्र अर्याल विशेष अतिथि तथा साउदी अरेबियामा सक्रिय विभिन्न संघ-संस्थाका प्रतिनिधि र स्थानीय नेपाली समुदायको उल्लेख्य उपस्थिति रहेको थियो ।

पानसका उपाध्यक्ष मनोज धिमालको सञ्चालनमा भएको कार्यक्रम राष्ट्र निर्माता पृथ्वीनारायण शाहको तस्बिरमा माल्यार्पण र दीप प्रज्वलनबाट



सुरु गरिएको थियो । वक्ताहरूले शाहको योगदानको उच्च प्रशंसा गर्दै उनको दिव्य उपदेश र एकताको दृष्टिकोण आज पनि उत्तिकै सान्दर्भिक रहेको बताए ।

कार्यक्रमलाई थप उत्साहजनक बनाउन स्थानीय कलाकारहरूले राष्ट्रभक्तिपूर्ण गीतमा आकर्षक नृत्य प्रस्तुत गरेका थिए । साथै, सांस्कृतिक प्रस्तुति र वक्ताहरूको प्रेरणादायी सम्बोधनले कार्यक्रममा थप रौनकता ल्याएको थियो ।

पानसका अध्यक्ष हुमागाईंले कार्यक्रममा भने, 'यो कार्यक्रमले प्रवासमा रहेका नेपालीहरूको राष्ट्रियता, एकता र सांस्कृतिक पहिचानलाई बचाउन महत्वपूर्ण भूमिका खेलेको छ । नेपाली समुदायबीचको भाइचारा र सहकार्यलाई थप बलियो बनाउने यस प्रकारका कार्यक्रम निरन्तर आयोजना गर्नुपर्छ ।'

कार्यक्रमका प्रमुख अतिथि पासवानले नेपाली एकताको महत्व झल्काउने यस्ता कार्यक्रमले प्रवासी नेपालीहरूलाई आफ्नो पहिचान र जरा सम्झाइराख्न मद्दत पुऱ्याउने बताए । विशेष अतिथि अर्यालले राष्ट्रिय एकता र राष्ट्र निर्माता शाहको योगदानप्रति सम्मान प्रकट गर्दै यस्ता गतिविधिहरूलाई अझ व्यापक बनाउनेतर्फ ध्यान दिन आग्रह गरे । साउदी अरबस्थित सम्पूर्ण नेपाली समुदायलाई कार्यक्रम सफल बनाउन सहयोग गरेको भन्दै आयोजक समितिले हार्दिक धन्यवाद व्यक्त गरेको छ ।

# 'पत्रकारको अधिकार र सुनिश्चितता रक्षाका निम्ति राज्यको पहल जरुरी'

**तनहुँ/मस**-स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले पत्रकारिताको विकासले पारदर्शिता सुनिश्चित गर्न सक्ने बताएका छन् ।

नेपाल पत्रकार तनहुँ शाखाका नवनिर्वाचित पदाधिकारी, सदस्यसँगको भेटमा मन्त्री पौडेलले पत्रकारिताको विकासले नै पारदर्शितालाई सुनिश्चित र भ्रष्टाचारलाई न्यूनीकरण गरी सुशासन सुनिश्चित गर्न सक्ने धारणा राखेका हुन् ।

'पत्रकारिताको विकासले मात्रै देशमा पारदर्शिता सुनिश्चित गर्न सक्छ, देशमा हुने गरेका भ्रष्टाचार न्यूनीकरण गरी सुशासन कायम गर्न सक्छ', मन्त्री पौडेलले भने,'पत्रकारको अधिकार र सुनिश्चितता रक्षाका निम्ति राज्यको पहल जरुरी छ ।'

क्रियाशील तथा श्रमजीवी पत्रकारको प्रभावले नै मुलुकमा



लोकतन्त्र ल्याउनमा पनि पत्रकारिताको भूमिका रहेको उनको भनाइ थियो ।

मन्त्री पौडेलले शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रलाई तीन सय शय्याको अस्पताल बनाउन पूर्वाधार र उपकरण सहयोग गर्ने सम्झौता भइसकेको बताए । उनले भने,' भारत सरकारले उपचार केन्द्रलाई उपकरणसहित सहयोग गर्ने भएको छ, भारतीय स्वास्थ्य मन्त्रालयमा योजना पुगेको र अबको केही दिनमा द्विपक्षीय सम्झौता हुनेछ ।'

उनले दमौली अस्पतालको विकासका लागि जग्गा विवाद समाधानका निम्ति अबको मन्त्रिपरिषद् बैठकमा छलफल अगाडि बढाउने प्रक्रिया भएको बताए ।'मन्त्रिपरिषद्बाट समस्या समाधान गरी आगामी आर्थिक वर्षमा दमौली अस्पताललाई सुविधा सम्पन्न अस्पताल बनाउन बजेटको व्यवस्थापनमा पहल गर्नेछु', उनले भने ।

सरकार सुधारिएको स्वास्थ्य क्षेत्र बनाउने उद्देश्यले सबै अस्पताल तथा स्वास्थ्य क्षेत्रको सेवा सहज र सरल बनाउन प्रतिबद्ध रहेको उनको भनाइ छ । साथै उनले पाँच लाख पुऱ्याउने गरी एकीकृत बीमाको व्यवस्थापकीय प्रक्रिया अगाडि बढिसकेको जानकारी दिए ।

# प्रकाश र स्वस्तिमाको छमछमी



**काठमाडौं/मस–** २२ चैतदेखि प्रदर्शनमा आउन लागेको चलचित्र 'बसन्त'को 'साँझ पर्‍यो झमक्क' बोलको गीत सार्वजनिक भएको छ । काठमाडौंमा शनिबार एक समारोहका बीच गीत सार्वजनिक गरिएको हो । गीतमा शब्द, संगीत प्रकाश सपुतको छ भने स्वर शान्तिश्री परियार र प्रकाश सपुतको छ । मौसम हिमालीको नृत्य निर्देशन रहेको गीतको भिडियोमा फिल्मका शीर्ष अभिनेता प्रकाश सपुत र अभिनेत्री स्वस्तिमा खड्काबीचको प्रेमलाई देखाइएको छ । गीतले ग्रामीण परिवेश र जीवन शैलीलाई पनि देखाउँछ ।

चैते दसैंको अवसर पारेर प्रदर्शनको तयारीमा रहेको चलचित्रमा निर्माणमा आफू र आफ्नो टिमले निकै मिहिनेत गरेकाले आफूले सोचेको र खोजेकै जस्तो रिजल्ट निस्कनेमा गायक, अभिनेता तथा निर्देशक सपुतको विश्वास छ। गायक तथा निर्देशक सपुतको जन्मथलो बागलुङ, काठमाडौं र तराईका विभिन्न ठाउँमा चलचित्रको छायांकन गरिएको छ । चलचित्रमा प्रकाश सपुतसहित स्वस्तिमा खड्का, प्रभात पाल ठकुरी, खड्कबहादुर पुन (खबपु), शिवांशी श्री, अनुप बराल, कमलमणि नेपाल, प्रकाश घिमिरेलगायतका कलाकारको अभिनय रहने छ। यो सोसल ड्रामा चलचित्रमा कथा, पटकथा र संगीत पनि सपुतले नै तयार पारेका हुन् ।

विपन्न विश्वकर्मा समुदायको छोराको लेखक बन्ने सपना र लक्ष्य हासिल गर्न उसले गर्ने संघर्षको कथा चलचित्रले भन्ने छ ।

गलबन्दी प्रोडक्सनको प्रस्तुति रहने चलचित्रको कार्यकारी निर्मातामा मोहन विश्वकर्मा, अनुरोध भट्टराई र नाना थकाली छन्। चलचित्रलाई सुसन प्रजापतिले खिचेका हुन् ।

# ज्याजी मगरको 'माघे मेलैमा'

**काठमाडौं/मस–** माघे संक्रान्तिको अवसर पारेर 'माघे मेलैमा' बोलको सुन्दर म्युजिक भिडियो म्युजिक आई युटचुब च्यानलमार्फत सार्वजनिक गरिएको छ ।

सागर आले र मेलिना राईको मीठो स्वर रहेको गीतमा रुबी सिञ्जाली मगर, रिया गुरुङ, तेजेन्द्र दुरा, तेजेन्द्र गुरुङले स्वरमा साथ दिएका छन् भने एमबी मगरको शब्द, एरेन्ज छ ।

श्याम राना मगर र ज्याजी मगर मुख्य भूमिकामा देखिएको भिडियोमा सुमिना मगर, मुना मगर, बबिता गुरुङ, आरती गुरुङ, रिबिया गुरुङ, जिना गुरुङ, सोनी तामाङ, काशी गुरुङ, कुसुम गुरुङ, अनिशा मगर, इन्दिरा मगर, अलिशा मगर, आरुषी मगर, पुष्पा मगर, छिमी डोल्मा शेर्पालगायतका कलाकारले काम गरेका छन् भने निर्देशन रेश्मा थापा मगरको छ ।



## Dhangadhi Sub-Metropolitan City
## Office of the Municipal Executive
### Dhangadhi, Kailali

## Invitation for the Bids

**Date of publication: 12th January 2025 (2081/09/28 B.S.)**

1. Dhangadhi Sub-Metropolitan City invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding procedures.

| S. N. | Contract Id Number | Description of Work | Estimated Amount Ex. VAT | Bid Security (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | 94/DSMC/2081/082 | Construction of Boundary Wall of Shiv Temple at Ward No. 1 DSMC | 30,43,250.54 | 77,000/- | 3,000/- | 11th February 2025 (2081/10/29 B.S.) 12:00 Noon |
| 2 | 95/DSMC/2081/082 | Construction of Boundary Wall of Krishna Balram Temple Triveni Chowk Krishna Marg at Ward No. 1 DSMC | 18,36,447.57 | 46,000/- | 3,000/- | |
| 3 | 96/DSMC/2081/082 | Construction of Maata Kuti at Shivapuridham Ward No. 4 DSMC | 26,13,926.60 | 66,000/- | 3,000/- | |
| 4 | 97/DSMC/2081/082 | Construction of RCC Framed Building of Om Shanti Gita Paathshala at Dilashaini Temple Ward No. 13 DSMC | 25,37,164.91 | 64,000/- | 3,000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Website: dhangadhimun.gov.np, Phone no. 091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## साउदीमा रोजगार

कम्पनी: Sahara Maintenance Services Co. Ltd
शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०९/२६
चलानी नं.: ६०२३११८३
L.T. No.: 316975

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ माघ ६ देखि ८ गते (19 to 21 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1096/073/074

**Yatra H.R. Solution Pvt. Ltd.**
Old Baneshwor-9, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com

## कुबेतमा रोजगार

कम्पनी: KUWAIT FOOD COMPANY (Americana) K.S.C.C.
शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०९/२६
चलानी नं.: ६०२३१२०२
LT. No.: 317003

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Service Crew | 0 | 25 | स. काममा दक्ष | 120 | ५३,३९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ६ गते (19 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८६४/०६६/०६७

**ब्लू ओसियन ओभरसिज प्रा. लि.**
पि.ओ.बक्स: १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल फोन: ४९५१७३२, ४९६५८२६,
फ्याक्स: ४३६४५७३. मोबाइल: ९८०१२२४१७० E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np
Mobile: 9801224170 | 9801224179 | 9801224520 | 9851195403 | 9801132374 | 9848034020 | 9841661558 | 9841216869 | 9801224172

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०९/२८**

हिमालयन योगा रिसोर्ट प्रा.लि. को २०८१/०९/१४ गते सम्पन्न विशेष/ वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **हिमालयन योगा एण्ड आर्युवेद रिट्रिट प्रा.लि.** कायम गर्ने गरी मिति २०८१/०९/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## प्रदेश सरकार
## स्वास्थ्य मन्त्रालय
## स्वास्थ्य निर्देशनालय
### कोशी प्रदेश, नेपाल
## जिल्ला अस्पताल उदयपुर

## प्राविधिक प्रस्ताव आसयको सूचना

**प्रकाशित मिति:- २०८१-०९-२८ (Jan 12, 2025)**

यस कार्यालयबाट मिति **२०८१/०७/२९ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा** प्रकाशित तपसिल बमोजिमको ठेक्काको लागि म्यादभित्र **E-Bid** मार्फत दर्ता भएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम **३१(ज)** को उपनियम ४ बमोजिम सारभुत रुपमा प्रभावग्राही भएका देहाय बमोजिमका सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सोहि नियमावलीको नियम **३१(ज)** को उपनियम ५ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | कार्यको विवरण | | सफल बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोल्ने मिति र समय |
|---|---|---|---|---|
| UH/ UDAYAPUR/ NCB/Works/ 01-2081/82 | Construction of Maternity Ward of District Hospital Udayapur, Udayapur | १ | PRAYASH/TEJAS JV, SINAMANGAL-09, KATHMANDU. | २०८१-१०-०६ (Jan 19, 2025) at 13:00 Place: - जिल्ला अस्पताल , उदयपुर |
| | | २ | SHAKTIKUNDA/GLOBAL JOINT VENTURE, TRIYUGA MUNICIPALITY-11, GAIGHAT, UDAYAPUR | |
| | | ३ | BELTARE-SAMATANGE-JV, CHAUDANDIGADHI-07, BELTAR, UDAYAPUR | |
| | | ४ | BHUSNAMCHHA CONSTRUCTON, TRIYUGA, UDAYAPUR | |
| | | ५ | PABITRA NIRMAN SEWA, TRIYUGA-11, UDAYAPUR | |
| | | ६ | KANCHAN CONSTRUCTION COMPANY PVT LTD, SATDOBATO-15, LALITPUR | |

**प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट**

## Khijidemba Rural Municipality
## Office of Rural Municipal Executive
### Khijifalate, Okhaldhunga
### Koshi Province, Nepal

## Invitation for Bids

**Date of First Publication: 2081-09-28**

1. Khijidemba Rural Municipality, Okhaldhunga invites Open Competitive Bidding from the eligible bidders for the works given in table below under National Competitive Bidding Procedures .

| S. N. | Contract Identification Number/Work Description | Estimated amount with VAT | Bid Validity Period | Bid Security amount | Cost of bid Document(non-refundable) |
|---|---|---|---|---|---|
| 1 | KDRM/OKH/NCB WORKS/04/2081/082 Construction of sabha hall tatha covered hall at Khijidemba-05, Khijiphalate, Okhaldhunga | NRs. 3380330.71 | 90 days from the date of bid opening. | NRs. 75000 | NRs. 3000.00 |

Eligible Bidders may obtain further information **or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.**

2. Bidders who choose to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Sit **www.bolpatra.gov.np/egp**.Bidders, submitting their bid, should deposit the cost of bidding document; mentioned in table above in the Rajaswa (revenue) account as specified below sand the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly).
   **Name of Bank: Nepal Investment Mega Bank Limited, Khijifalate Branch, Okhaldhunga**
   **Name of Office**: **Khijidemba Rural Municipality Khijifalate, okhaldhunga**
   **Office Account No: 17801400000116**
3. Account Details for Bid Security Deposit: **Nepal Investment Mega Bank Limited, Khijifalate Branch, Okhaldhunga** Account Name/Number: GA 3.1 KHIJIDEMBA GA.PA DHARAUTI KHATA **(17801400000048)**, Name of Office: **Khijidemba Rural Municipality Khijifalate, Okhaldhunga** Or Bank Guarantee Issued by Commercial Bank in the Name of Khijidemba Rural Municipality, Office of Rural Municipal Executive Khijifalate, Okhaldhunga (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly).
4. Electronics bids must be submitted to Khijidemba Rural Municipality Office Khijifalate, Okhaldhunga before **12:00 Noon** on **2081-10-29.**
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend on **2081-10-29 at 1:00 PM** at Khijidemba Rural Municipality Office Khijifalate, Okhaldhunga. Bids must be valid for a period of 90 day after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. Matters not covered in this tender notice shall be in accordance with public procurement act 2063 and public procurement regulations 2064 and other prevailing rules and regulations of Nepal.
9. Any Amendment on this notice shall be posted on office information board followed by notice on office website **www.khijidembamun.gov.np.**

**Chief Administrative Officer**

# नेपालले नेदरल्यान्ड्स र थाइल्यान्डसँग शृंखला खेल्ने



**काठमाडौं/मस–** नेपाली महिला क्रिकेट टोलीले घरेलु मैदानमा नेदरल्यान्ड्स र थाइल्यान्डसँग त्रिकोणत्मक टी-२० शृंखला खेल्ने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)का अनुसार माघ १७ गतेदेखि हुने शृंखलाको सम्पूर्ण खेल कीर्तिपुर स्थित त्रिवि क्रिकेट मैदानमा हुनेछ । क्यानले शनिबार बेलुका सूचना जारी गर्दै श्रृंखलामा सबै टोलीले एक अर्कासँग ३-३ खेल खेल्ने जानकारी दिएको छ ।

पहिलो खेल माघ १७ गते नेपाल र नेदरल्याण्ड्स बीच हुनेछ। त्यसैगरी नेपालले थाइल्याण्डसँग माघ १८ गते खेल्ने छ। माघ १९ गते नेदरल्याण्ड्स र थाइल्याण्डबीच प्रतिस्पर्धा हुनेछ। त्यसपछि माघ २५ गतेसम्म लगातार सोही क्रमका खेलहरू हुनेछन्। सबैले सबैको तीन पटक सामना गरेपछि अंकतालिकाको शीर्ष स्थानमा रहने टोली विजेता बन्नेछ।

नेपाली महिला टोलीले घरेलु मैदानमा खेल्न लागेको यो दोस्रो टी-२०आई सिरिज हो । यसअघि नेपालले घरेलु मैदानमा सन् २०२२ को मेमा युगान्डासँग ५ खेलको टी-२० आई सिरिज खेलेको थियो ।

# सद्भावलाई बंगलादेश एमेच्योर गल्फ च्याम्पियनसिपको उपाधि



**काठमाडौं/मस-** नेपालका सद्भाव आचार्यले ३८औं बंगलादेश एमेच्योर गल्फ च्याम्पियनसिपमा ऐतिहासिक उपाधि जितेका छन् । बंगलादेशका शफिकुल इस्लाम र मोहम्मद शाहबुद्दिनलाई ६ स्ट्रोकले हराउँदै उनले उपाधि जिते। उनी यो उपाधि जित्ने पहिलो नेपाली खेलाडी बनेका छन्। सन् १९८८ को दोस्रो संस्करणदेखि नेपालले सहभागिता जानउँदै आएको थियो ।

ढाकास्थित कुर्मितोला गल्फ क्लबमा शनिबार १-ओभर ७३ स्कोर बनाएका सदभावले समग्रमा ३-ओभर २९१ सहित उपाधि जिते। सद्भावले फ्रन्ट नाइन २-ओभर ३८ मा पूरा गरे। पहिलो, दोस्रो र सातौं होलमा बोगी प्रहार गरे । आठौं होलमा एक सट बचाए । यसपछि १४औं र १८औं होलमा बर्डीको सफलता प्राप्त गरेपनि १५औं होलमा एक सट खेर फाले । उनले ब्याक नाइन १-अन्डर ३५ मा सकाए । उनले पहिलो र दोस्रो दिन समान ३-अन्डर ६९ को स्कोर गरेका थिए। तेस्रो दिन भने ८-ओभर ८० को प्रदर्शन गरेका थिए । तर अन्तिम दिन सम्हालिँदै उपाधि जिते।

बंगलादेशका शफिकुल इस्लम र मोहम्मद शाहबुद्दिनले समग्रमा ९-ओभर २९७ को स्कोर सहित दोस्रो स्थान प्राप्त गरे। शनिबार शफिकुलले १-ओभर ७३ र मोहम्मदले ३-ओभर ७५ मा खेल सकाए । बंगलादेशकै मोहम्मद समिम समग्रमा ११-ओभर २९९ सहित चौथो भए । उनले शनिबार इभन-पार ७२ को कार्ड बनाए । समग्रमा १२-ओभर ३०० बनाएका श्रीलंकाका चालिथा पुष्पिका पाँचौं स्थानमा रहे । उनले शनिबार ६-ओभर ७८ को खराब प्रदर्शन गरे। नेपालका राहुल विकेले ६-ओभर ७८ को प्रदर्शन गर्दा समग्रमा १६-ओभर ३०४ सहित छैटौं स्थानमा प्रतियोगिता सकाए।

सद्भावका लागि यो प्रतियोगिता विशेष बन्यो । उनले दुई स्वर्ण जिते । शनिबार व्यक्तिगततर्फ उपाधि जितेका उनले राहुल विकेसँग मिलेर टिम स्पर्धामा नेपाललाई इभन-पार २८८ स्कोरमा स्वर्ण दिलाएका थिए । यसअघि उनले ३६औं संस्करणमा सुबाश तामाङसँग मिलेर टिमतर्फ स्वर्ण हात पारेका थिए । लयमा रहेका युवा गल्फर सदभावले गत नोभेम्बरमा फाल्डो जुनियर टुर युरोपियन ग्रान्ड फाइनलमा यु-२१ तर्फ पहिलो भएका थिए। समग्रमा भने उनले दोस्रो स्थान प्राप्त गरेका थिए । चारदिने प्रतियोगितामा नेपाल सहित बंगलादेश, श्रीलंका, पाकिस्तान, भुटान, दक्षिण कोरिया, जापान र आस्ट्रेलिया गरी ८ देशका कूल १०० खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

**कतारमा रोजगार**

कम्पनी : GALFAR ALMISNAD ENGINEERING & CONTRACTING — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८१/०९/२६ — चलानी नं.: ६०२३११५५ — LT. No.: 316926

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer (Male) | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 15 | 0 | | 1500 | ५६३८५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, लाजिम्पाट, काठमाडौंमा २०८१ माघ ६ गते (19 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | - | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

GSO — Lic. No: 756/064/065
GRAND SHIKHAR OVERSEAS PVT LTD
Lazimpat, Kathmandu, Tel: +977-1-4516940 (6 Lines), Web: gso@grandshikhar.com

## उर्लाबारी नगरपालिका
## Urlabari Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

**उर्लाबारी, मोरङ, कोशी प्रदेश, नेपाल**
**Urlabari, Morang, Koshi Province, Nepal**

### धरौटी सदरस्याहा सम्बन्धी सूचना

**(सूचना प्रकाशित मितिः २०८१/०९/२८)**

उर्लाबारी नगरपालिकाको धरौटी खातामा आ.व. २०७७/०७८ भन्दा अघि विभिन्न मितिमा जम्मा गरिएको विभिन्न व्यक्ति/कम्पनि/फर्म/संस्थाको नाममा रहेको प्रयोजन समाप्त भएका/म्याद नाघेको धरौटि रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ को उपनियम २ अनुसार हालसम्म फिर्ता लिन नआएकोले ऐ. नियमावलीको नियम ६७ बमोजिम सदरस्याहा गरि राजश्वमा दाखिला गर्ने प्रयोजनका लागि मिति २०८१ पौष २५ गतेको नगर कार्यपालिकाको निर्णय बमोजिम यो सूचना प्रकाशित गरिएको छ । अतः धरौटी रकम फिर्ता पाउन पर्ने कुनै आधार र प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन (२०८१ फागुन २ गते) भित्र कार्यालय समयमा आई तपशिल बमोजिमको कागजात सहित निवेदन दिनुहुन अनुरोध छ । (नाम नामेशी सहितको विवरणका लागि कार्यालयको वेवसाइट https://urlabarimun.gov.np/ मा हेर्नुहुन)

**निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी
२. धरौटी रकम जम्मा गरेको सक्कल भौचर/रसिद
३. धरौटी जम्मा गर्नुको प्रयोजन खुल्ने थप प्रमाण प्रतिलिपी

### Invitation for Bids

## Jhapa Rural Municipality
## Office of Rural Municipal Executive

**Taghandubba, Jhapa**

**Date of publication (First notice): 2025/01/12 (2081-09-28)**

1. Jhapa Rural Municipality, Office of Rural Municipal Executive invites electronic bids for Nepalese eligible bidders for the procurement of following works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of Jhapa Rural Municipality, Taghandubba, Jhapa, Koshi Province, Nepal or may visit at the PPMO website www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S. N. | Contract ID: | Name of Procurement | Estimated Amount Nrs. (With PS and VAT) | Bid Security (Nrs.) | Cost of Bid document (Nrs.) | Last date of bid submission/opening date and time |
|---|---|---|---|---|---|---|
| 1. | NCB/JHAPA/JRM/ WORKS/13/081-82 | Ward Karyalaya bhawan ko mathillo talla ma RCC chath dhalan( ward no 3,5 and 7) | 46,51,320.36 | 1,00,000/- | 3000/- | 2025-02-11 (2081/10/29) 12:00PM/1:00PM |
| 2. | NCB/JHAPA/JRM/ WORKS/14/081-82 | Hospital bhawan prangan ma parketing tatha gherabara | 35,78,752.233 | 80,000/- | 3000/- | 2025-02-11 (2081/10/29) 12:00PM/1:00PM |

**Chief Administrative Officer**

## Mahawai Rural Municipality
## Office of the Rural Municipality Executive

**Padmghat, Kalikot District**
**Karnali Province, Nepal**

### Invitation of e-Bids

**First Date of Publication: : 2081/09/28**

1. The Mahawai Rural Municipality, invites electronic bids from eligible bidders for the Construction of Following works described in Contracts Description Table (CDT).
2. Bidding documents, may be purchased and submission of a written application, attested copies of registration firm valid for F/Y 2080/81, VAT registration certificate, Tax clearance certificate of F/Y 2080/81. Interested eligible bidders visit e-procurement section of PPMOs website www.bolpatra.gov.np/egp
3. Bids must be valid for a period of 90 days and must be accompanied by bid security as mentioned in the table below or in the form of bank guarantee in favor of Mahawai Rural Municipality, Office of The Rural Municipality Executive, Padmghat Kalikot as per standard format provided in Bid documents. Bid security validity period for tender shall be 120 from the date of bid opening.
4. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 and Public Procurement Regulations-2064 and other prevailing regulations and all detail can be obtained from bid document from website.
5. All the rights as to whether to accept or reject the bid partially or fully are reserved to Mahawai Rural Municipality, Office of the Rural Municipality Executive, Padmghat Kalikot.

**Contracts Description Table (CDT)**

| S. N. | Contract No. | Description of location of work | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount (NRs) | Fee for bid Document NRs. | Pre Bid Meeting | Bid submission deadline | Bid opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MRM/NCB/ PCMSS /06/081/082 | पिपल चौतारा मुसिबड़ा सडक स्तरोन्नति महावै -५ | 24,99,829.69 /- | 62,500/- | 3,000/- | 2081/10/22 10:00 AM | 2081/10/29 12:00 AM | 2081/10/29 13:00 PM |

| Name of Bank | Name of office | Revenue account | Deposite account |
|---|---|---|---|
| krishi bikash bank sakha karalaya padhmaghat, Kalikot | Mahawai Rural Municipality, Padamghat Kalikot. | 0726101704190018 Aantarik rajashwo khata. | 0726101704190042 Dharauti Khata |

**Act. COA**

**हार्दिक बधाई तथा शुभकामना**

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Deprosc Laghubitta Bittiya Sanstha Limited
('D' Class Institution Licensed by Nepal Rastra Bank)

२४ वर्षमा प्रवेश

Head Office: Bhintuna Road, Bharatpur Metropolitan City, Narayangarh, Chitwan
Phone No: 977 056 517900
Fax: 977 056 523056
Email: headoffice@deproscbank.com.np

Corporate Office: Sitapaila Road- 4
Nagarjun Municipality, Ringroad, Kathmandu
Phone No: 977 01 5388650
Fax: 977 01 5388650 8021, Kathmandu
Email: info@deproscbank.com.np

सफलतापूर्वक २३ वर्ष पुरा गरी २४ वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

Prabhu Bank
Head Office: Babarmahal, Kathmandu
Tel. No:+977-1-5719000
SWIFT: PRVUNPKA|www.prabhubank.com
Branch Office: Dhapasi, Ph.: 01-5159161/64/67

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)
Satungal Branch
Ph. No.: 01-4311080

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
Biratnagar Branch
Ph. No.: 021-590036/37

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
Sunrise Biz Park, Dilibazar, Kathmandu
P.O Box No. 2755
Email:-info@lumbinibikasbank.com
Phone:- 01-4513525/4513232/4521696/4521698/4541642
Fax:- 01-4513290
Branch Office: Kuleshwor, Ph.: 01-5165035

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
www.gurkhasfinance.com.np

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
Head office: Omkar Building, Second Floor
Naya Baneshwor, GPO Box :23170, Kathmandu, Nepal
Tel:01-4792517,4794170,4793185,Fax:01-4792534
Email: info@manjshreefinance.com.np
www.manjushreefinance.com.np
Branch Office: Narayangadh, Chitwan
Ph.: 056-596034, 596434

uranustech
Homnath Rijal (Nirajan)
Business Development Manager
Uranus Tech Nepal Pvt. Ltd.
New Baneshwor -10, Bijulibazar
Kathmandu, Nepal
Tel: 01-5244670/5244242
Mobile No: 9851219541
E-Mail: nrijal@uranustechnepal.com

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
Mukti Chowk, Ward No.-4,
Birtamode Municipality
Ph.: 023-533563/64 023-534010
Email: info@edb.com.np
Branch Office: Surunga, Ph.: 023-550829

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
Narayangadh Branch
Ph. No.: 056-590071, 590535

Western Printing Support Pvt. Ltd.
Samakhusi, Kathmandu
Mob.: 9851057129

Kanya Kalika Steel Furniture
Imadol, Lalitpur
Mob.: 9843245698

Saksham Printing & Stationery Suppliers Pvt. Ltd.
Anamnagar, Kathmandu
Mob.: 9841121965

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

Prabhu Money Transfer
Toll Free No.: 1660-01-44444
www.prabhumoneytransfer.com.np

विश्वको जुनै पनि ठाउँबाट नेपालभर पैसा पठाउने भरपर्दो माध्यम
NepalRemit INTERNATIONAL PVT LTD
नेपालरेमिट
Toll Free No.: 1660-01-68800
www.nepalremit.com

**SAUDI मा रोजगार**

कम्पनीः EMDAD HUMAN RESOURCES FOR RECRUITMENT COMPANY — शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०८१/०९/२६ — चलानी नं.: ६०२३११५८ — L.T. No.: 316877

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 56 | 0 | स. काममा दक्ष | 1000 | ३६,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः MOHAMMED HADI AL RASHEED & PARTNERS COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०९/२४ — चलानी नं.: ६०२३११५८ — L.T. No.: 316834

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 11 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,८१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construction Worker | 1 | 0 | | 1200 | ४३,८१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ६ गते (19 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | कामदारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Miracle Employment Service (P.) Ltd — श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal, Tel.: 01- 4416930, 4415239, Email: miraclems@wlink.com.np

# वेलनेस टुरिजमको लागि अकुपञ्चर



नेपालमा अकुपञ्चर उपचार पद्धतिको व्यवसाय फस्टाइरहेका छन् । अकुपञ्चर उपचारमा स्वदेशी मात्र नभएर नेपाल घुम्न आउने पर्यटकको समेत आकर्षण देखिने गरेको छ । चीनबाट नेपाल भित्रिएको अकुपञ्चर उपचारविधि कोडिभपछि अझै बढेको छ । अकुपञ्चर क्लिनिकहरूलाई वेलनेस टुरिजम डेस्टिनेशनको रूपमा हेर्न थालिएको छ । प्रस्तुत छ, सोही सन्दर्भमा अकुपञ्चर व्यवसायी **रामदेव महतो**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

■ **रामदेव महतो**, अकुपञ्चर व्यवसायी

**नेपालमा अकुपञ्चर उपचारको अवस्था कस्तो छ ?**

अकुपञ्चर उपचारको प्रभावकारिताले आम मानिसमा झुकाव बढ्दै गएको छ । सरकारी अस्पतालदेखि निजी क्षेत्रका अस्पतालमा समेत अकुपञ्चर युनिट नै खोलिएको छ । यसले नेपालमा प्रभाव बढ्दै गएको छ । अकुपञ्चर प्रणाली चीनबाट नेपाल आएको हो । तर, नेपालमा यो व्यवसाय धेरै फस्टाउन भने सकेको छैन । यो क्षेत्रमा संरचना र विज्ञको अभाव छ । तर, सानो संख्यामा जनशक्ति भएपछि यो व्यवसाय फस्टाउँदै गएको छ । विश्वमा भने यो व्यवसायको लोकप्रियता र प्रभावकारिता बढेको देखिन्छ । जसले गर्दा आगामी दिनमा नेपालमा पनि थप गति लिने सक्ने देखिन्छ ।

**नेपालमा अकुपञ्चर उपचार पद्धतीको व्यवसायीकरणलाई वृद्धि गर्न के गर्नुपर्छ ?**

नेपालमा अन्य उपचार पद्धति महँगो हुँदै गर्दा अकुपञ्चर उपचार प्रति आम उपभोक्ताको रूची समेत बढ्दो छ । हाम्रो जस्तो भौगोलिक विविधता भएको मुलुकमा थोरै उपकरण र सानो स्थानमै अकुपञ्चर उपचार विधि स्थापना गर्न सकिन्छ । यस्तै एउटा अकुपञ्चर बिन्दुले धेरै रोगको निको पार्न सक्ने भएकोले यसको नेपालमा धेरै विकासको सम्भावना छ । अझैपनि ग्रामिण दुर दराजमा जहाँ अस्पतालको व्यवस्था छैन त्यहाँ यो पद्धतिबाट उपचार प्रभावकारी हुन सक्छ ।

**अकुपञ्चर उपचारको लागि विदेशबाट समेत आउनेलाई कसरी सेवा दिन सकिन्छ ?**

अकुपञ्चर नशा वा दुखाई सम्बन्धी मात्र उपचार पद्धति होइन यो मानसिक समस्याको निदानलाई समेत त्यत्तिकै नै प्रभावकारी हुन्छ । अहिले मानसिक समस्या डिप्रेसन, इन्जाइटी जस्ता समस्या धेरै नै देखिँदै गएको छ । नेपालमा आउने विदेशी पर्यटकको लागि समेत वेलनेश पर्यटनको लागि अकुपञ्चर उपचार अति नै उपयोगी भएको छ । उपचार र योगाको लागि नै भनेर नेपाल आउने पर्यटकको संख्या समेत बढ्दो छ । पर्यटकमार्फत् अकुपञ्चर उपचार विधिलाई प्रवर्द्धन गर्ने हो भने यो पर्यटकबाट समेत राम्रो लाभ लिन सक्ने व्यवसाय हो । अकुपञ्चरको व्यवसाय फस्टाउने हो भने वेलनेस पर्यटनको नाममा नेपालमा पर्यटक समेत भित्र्याउन सकिन्छ । प्राकृतिक चिकित्सकको अंगको रूपमा अकुपञ्चर उपचार भएकाले पछिल्लो समय मानिसहरूको प्राकृतिक उपचारमा रूची समेत बढ्दो छ ।

**यो व्यवसाय विस्तारको लागि नेपालले के गर्नु पर्छ ?**

नेपालमा अझै यो उपचार पद्धतिको लागि दक्ष जनशक्ति निकै नै कम छन् । अकुपञ्चर शिक्षालाई प्रवर्द्धन गर्ने हो भने यो पद्धतिबाट रोजगारी दिन सक्ने अथाह सम्भावना समेत छ । अहिले हाम्रोमा शिक्षा भनेर प्रमाणपत्रका लागि मात्र भएको छ । अकपञ्चर उपचारको पाठ्यक्रमबाटै ब्याचलर, मास्टर, पिएडी गर्न नेपालमै अवसर हुने हो भने यसमा विद्यार्थीको रूची बढ्ने र रोजगारीको लागि स्वदेशमै अवसर बाटो समेत देखाउने छ । अहिले चीनमा अकुपञ्चर पद्धतीमा मास्टर पढ्न जाने र आएर नेपालमै अकुपञ्चर उपचार गर्नेहरूको संख्या समेत बढीरहेको छ ।

**अकुपञ्चर उपचार व्यवसायमा अवसर कतिको छ भनेर भन्न सकिन्छ ?**

धेरै नै छ । अकुपञ्चर एलोपेथिक उपचाररहितको पद्धती हो । यो पद्धतिले कुनै साइड इफेक्ट गर्दैन । यो व्यवसायलाई सरकारकै प्राथामिकतामा राखेर विकास गर्न सक्ने हो भने नेपालमा ठूलो व्यावसायिक विकासको समेत सम्भावना छ भन्न सकिन्छ । साथै, यस उपचार पद्धतिलाई विस्तार गर्ने हो भने नेपालीको स्वास्थ्यमा समेत धेरै लाभ दिन सकिन्छ । नेपालमा पछिल्लो समय आयुर्वेदिक उपाचार पद्धतिमा समेत विश्वास गर्नेको संख्या बढी रहेको छ । अकुपञ्चर उपचार पद्धति रोग नलाग्दा र लाग्दा दुवैमा यसको प्रयोग गर्न सकिने भएकोले यो व्यवसाय निरन्तर विस्तार भइरहेको छ । प्राकृतिक चिकित्सासँग सम्बन्धित भएकोले यसलाई थप प्रवर्द्धन गर्न सकिन्छ ।

## २ देशका व्यापारिक समस्या समाधान गर्ने प्रतिबद्धता

**काठमाडौं/मस-** नेपाल-भारत संयुक्त व्यापार मञ्च (जेबीएफ) को बैठकले दुई देशबीचको व्यापारमा देखिएका समस्या समाधान गर्न सहकार्य गर्ने प्रतिबद्धता जनाएको छ ।

काठमाडौंको चन्द्रागिरीमा बसेको दोस्रो बैठकमा दुई देशबीचको आर्थिक र व्यावसायिक सम्बन्धलाई अझ प्रगाढ बनाउन नेपाल र भारतका प्रतिनिधि सहमत भएका हुन् । यस्तै संयुक्त बैठकमा जलविद्युत् र नवीकरणीय ऊर्जा, सौर्य, वायु लगायतका परियोजनामा सहकार्य गर्दै स्वच्छ ऊर्जा प्रवर्द्धन, पर्यटन र कनेक्टिभिटी, सडक, रेल र हवाई सम्पर्क सुदृढ गराउन सहमति भएको छ । यस्तै सीमापार व्यापार सहज बनाउने, व्यापार र सीमापार लगानी, कृषि र औषधीय वनस्पति, कृषि उत्पादनको कोटा हटाई उच्च बीउ तथा प्रविधि उपलब्ध गराउने र व्यावसायिकरणको सहकार्य, डिजिटल प्रविधि र स्टार्टअप सहयोग लगायतका विषयहरुमा छलफल गरी सजिकरण गर्ने सहमति भएको छ ।




उद्योग वाणिज्य तथा आपूर्ती मन्त्री दामोदर भण्डारीले भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार रहेको उल्लेख गर्दै जेबिएफको मिटिङमा भएका सहमतीलाई दुवै पक्षले कार्यान्वयनमा लैजानु पर्ने बताए । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल र भारत बीच आर्थिक क्षेत्रमा अथाह सम्भावना रहेको उल्लेख गर्दै दुवै क्षेत्रमा देखिएका समस्या समाधानका लागि नीतिगत सुधार तथा व्यवहारिक समाधान खोजेर अघि बढ्नु पर्ने बताए । उनले गैर भन्सार अवरोध हटाउने, नेपाली वस्तु निर्यातमा ब्यूरो अफ इन्डियन स्ट्यान्डर्ड्स (बिआइएस) को प्रमाणीकरण प्रक्रियाले गर्दा देखिएको समस्या समाधानको लागि सहजिकरण गर्ने, भैरहवा र पोखरा विमानस्थलसँग भारतका सहर जोडने र नेपालका जलविद्युत् तथा अन्य निमार्णजन्य विकासको लागि आवश्यक विस्फोटक पदार्थहरू सहज आपूर्ती आवश्यक भएको बताए ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले दुई देशबीचको आर्थिक मुद्दाहरूमा यो वैठक महत्वपूर्ण रहेको बताउँदै बैठकमा उठेका विषयहरूमा सहजीकरणको लागि आफ्नो तर्फबाट पहल गर्ने बताए । त्यस्तै, मञ्चका (नेपाल) अध्यक्ष भवानी राणाले नेपाल भारत बीच लगानी र व्यापारको व्यापक सम्भावना रहेको र त्यसबाट लाभ लिन आवश्यक सहजीकरण हुनुपर्ने बताए । यस्तै भारतीय पक्षबाट एन.सुनिल कुमारले नेपाल भारतबीच सडक, रेल र हवाई कनेक्टिभिटीमा सुधार भइरहेकोले आउने दिनमा थप सहजता थपिने बताए । मञ्चको अर्को बैठक भारतको नयाँ दिल्लीमा आयोजना गरिने सहमति भएको छ ।

नेपाल भारत वाणिज्य सचिवस्तरीय वैठककै अंगकै रूपमा रहेको जेबिएफ बैठकमा नेपाल र भारतका प्रतिनिधिहरूले व्यापार, लगानी, ऊर्जा, पर्यटन, कृषि, सूचना प्रविधि र पूर्वाधार विकास लगायतका विषयहरूमा छलफल भएको थियो ।

दोस्रो बैठकमा भएका सहमितिका विषयलाई नेपाल र भारतका वाणिज्य सचिवलाई हस्तान्तरण गरिएको छ । भारतीय वाणिज्य सचिव सुनिल वर्थवाल र नेपालका वाणिज्य सचिव गोविन्दबहादुर कार्कीलाई मञ्चका अध्यक्ष भवानी राणा र सन्थिल कुमारले हस्तान्तरण गरेका हुन् ।

## लोकदर्शन बचत तथा ऋण सहकारीको साधारणसभा

**काठमाडौं/मस –** लोकदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको साधारण सभा सम्पन्न भएको छ । काठमाडौंको नयाँ बानेश्वरमा रहेको सो संस्थाको वार्षिक प्रगति प्रतिवेदन, गत आर्थिक वर्ष ०८०/८१ र चालु आर्थिक वर्ष ०८१/८२ को नीति तथा कार्यक्रम, आर्थिक प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन पारित गर्दै संस्थाको पन्धौँ वार्षिक साधारण सभा शनिबार सम्पन्न भएको हो ।



साधारण सभामा वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका अध्यक्ष प्रेमकुमार कटुवालले सहकारी क्षेत्रमा समस्या देखिएको अवस्थामा लोकदर्शन सहकारीले राम्रो कारोबार गर्न सफल भएको बताएका थिए । संस्थाले गत आर्थिक वर्षमा १ करोड २१ लाख ६८ हजार ७११ रूपैयाँ आम्दानी गरेकोमा चालु आर्थिक वर्षमा १ करोड २५ लाख रूपैयाँ आम्दानीको लक्ष्य राखेको संस्थाका सचिव देवराज कटुवालद्वारा प्रस्तुत नीति तथा कार्यक्रममा उल्लेख छ ।

संस्थाका कोषाध्यक्ष रामप्रसाद भन्तनाले सभामा प्रस्तुत गरेको गत आर्थिक वर्षको आर्थिक प्रतिवेदनअनुसार संस्थामा शेयर पुँजी २ करोड ६८ लाख १७ हजार ६ सय, जगेडा तथा अन्य कोषमा १ करोड ५५ लाख ५६ हजार २३, कर्जा जोखिम कोषमा ४१ लाख १५ हजार २ सय ३३ र बचत निक्षेप ७ करोड ६४ लाख ७३ हजार १८७ रूपैयाँ रहेको छ । त्यस्तै, सोही प्रतिवेदनमा संस्थाले १० करोड बढी कर्जा लगानी गरेको, १ करोड बढी आम्दानी गरेको, १ करोड बढी खर्च गरेको र ११ लाख ६४ हजार २६ रूपैयाँ खुद आम्दानी गरेको उल्लेख छ ।

लेखा सुपरीवेक्षण समितिका संयोजक शालिकराम गौतमका अनुसार संस्थाले बचत दिने र ऋणमा लिने ब्याजदरको अन्तर औसतमा ४.३५ प्रतिशत रहेको छ ।

सभामा लोकदर्शन सहकारीका सल्लाहकार समितिका संयोजक दिलप्रसाद पोखरेल, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष तथा शेयर सदस्य ताराप्रसाद भट्टराई, मध्यान्ह दैनिकका सम्पादक तथा शेयर सदस्य मदनकुमार श्रेष्ठलगायतले प्रतिकुल आर्थिक परिस्थितिमा पनि सहकारीको अवस्था सन्तोषजनक रहनु शेयर सदस्यहरूका लागि खुसीको विषय भएको उल्लेख गर्दै कर्जा असुलीमा थप प्रयास गर्नुपर्ने सुझाव दिएका थिए । लोकदर्शनलाई चुस्त दुरुस्त राख्न व्यवस्थापक रमेशप्रसाद भट्टराई र कर्मचारीहरूको लगनशीलता प्रशंसनीय भएको पनि वक्ताहरूले उल्लेख गरे ।

## विद्युत् चुहावट १२ दशमलव ७३ प्रतिशतमा सीमित

**काठमाडौं/मस –** नेपाल विद्युत् प्राधिकरणले चुहावटलाई उल्लेख्य रूपमा घटाउन सफल भएको छ । प्राधिकरणले ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई बुझाएको विवरणअनुसार गत आवमा प्रणालीको विद्युत् चुहावट करिब १२ दशमलव ७३ प्रतिशतमा सीमित गरेको छ । चुहावट घटाउनु पनि कमाउनु हो भन्ने मूल मर्मलाई आत्मसात् गरेको प्राधिकरणले अनाधिकृत विद्युत् चोरी तथा प्राविधिक चुहावटलाई कम गर्न अनेकन प्रयास गरिएको जनाएको छ ।




आठ वर्षअघिसम्म प्रणालीमा २५ दशमलव ७८ प्रतिशत विद्युत् चुहावट भइरहेको थियो । आव २०७९/८० मा विद्युत् चुहावट १३.४६ प्रतिशत थियो । आव २०८०/८१ मा चुहावट १२ दशमलव ७३ प्रतिशतमा सीमित गरिएको विवरणमा उल्लेख छ । प्राधिकरणले गत आवमा १४ अर्ब ४६ करोड नाफा कमाएको थियो । आव ०७२/७३ मा एकै वर्ष आठ अर्ब ८९ करोड खुद नोक्सानीमा रहेको प्राधिकरण ०७३/७४ मा एक अर्ब ५० करोड खुद नाफा कमाउँदै प्राधिकरणले नाफाको इतिहास सुरु गरेको थियो । त्यसपछि प्राधिकरण निरन्तर नाफामा छ आठ वर्षअघि ३४ अर्ब ६१ करोड सञ्चित घाटामा रहेको प्राधिकरणले अहिले ४७ अर्ब ४१ करोड सञ्चित नाफा गरेको छ ।

प्राधिकरणले आठ वर्षमा विद्युतीकरणमा ठूलो सफलता हात पारेको छ । आव २०७२/७३ मा विद्युतीकरणको अवस्था ५८ प्रतिशत मात्र थियो । तीन वर्षअघि ८९ दशमलव आठ प्रतिशत रहेको विद्युतीकरण अहिले ९९ प्रतिशत पुगेको छ । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले वित्तीय अवस्थामा थप सुधार, संस्थाभित्रको सुशासन, हरेक नागरिकको घरमा विद्युत् पुऱ्याउन विद्युतीकरण, विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो, गुणस्तरीय तथा सुरक्षित बनाउन प्रसारण र वितरणतर्फका पूर्वाधार संरचनाको विस्तार एवम् सुदृढीकरणमा विशेष ध्यान दिइएको जानकारी दिनुभयो । यस्तै, उत्पादनतर्फका ठूला जलविद्युत् आयोजना अगाडि बढाउने, आन्तरिक रूपमा खपत वृद्धि तथा अतिरिक्त भएको विद्युत् निर्यातलगायतलाई उच्च प्राथमिकतामा राखी कार्य अगाडि बढाइएको उहाँको भनाइ छ ।

देश लोडसेडिङमुक्त भएर नियमितरूपमा विद्युत् आपूर्ति हुन थालेपछि प्रणालीमा उत्पन्न भएको चुनौतीलाई सम्बोधन गर्न र उपभोक्तालाई विश्वसनीय र गुणस्तरीय विद्युत् आपूर्तिका लागि प्रणालीको पूर्वाधार विस्तार, सुधार एवं प्रविधिमार्फत स्वचालित गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइएको छ । इक्रा नेपालले गरेको क्रेडिट रेटिङमा प्राधिकरणले निरन्तर 'डबल ए प्लस' रेटिङ पाइरहेको छ । गत आवको वर्षायाममा देशभित्र खपत गरी बढी भएको विद्युत् भारतर्फ निर्यात गरी १७ अर्ब सात करोड आम्दानी गरेको थियो । गत आवमा आयातभन्दा करिब १३ करोड बढीको विद्युत् निर्यात गरी खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेर इतिहास बनाउन सफल भएको छ ।

## महिला सहकारी संस्थाले १० प्रतिशत लाभांश दिने

**काठमाडौं/मस –** महिला सहकारी संस्थाले १० प्रतिशत लाभांश दिने भएको छ । महिला सहकारी संस्था कुलेश्वर शाखाको उनन्तिसौं वार्षिक साधारण सभाले आर्थिक वर्ष २०८०/८१ को नाफाबाट आफ्ना शेयरधनी सदस्यलाई चूक्तापुँजीको १० प्रतिशत लाभांश दिने निर्णय गरेको हो ।



संस्थाले आर्थिक वर्ष २०८०/८१ मा २८ करोड २७ लाख ३८ हजार रूपैयाँ कुल आम्दानी गरेको जनाएको छ । यस्तै, संस्थाले सो आर्थिक वर्षमा २३ करोड ७७ लाख ३ हजार रूपैयाँ कुल खर्च गरी ४ करोड ५० लाख ३४ हजार रूपैयाँ संचालन नाफा आर्जन गरेको छ । नाफाबाट संस्थाले आय कर बापत ८५ लाख २ हजार रूपैयाँ बुझाएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा १ अर्ब २३ करोड ७ लाख ३४ हजार रूपैयाँ निक्षेप संकलन गरी १ अर्ब ६१ करोड ६९ लाख १८ हजार रुपैयाँ कर्जा लगानी गरेको छ । संस्थाले काठमाडौं उपत्यकामा बैंकिङ कारोवार संचालन गर्नुको साथै विपन्न महिलाहरूको लागि लघुवित्त कार्यक्रम संचालन गरी सामूहिक जमानीमा बिनाधितो ऋण प्रदान गरी गरिब तथा विपन्न महिलाहरूलाई लघु वित्त सेवा दिँदै आएको छ ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**